Jana Aakash National Weekly
जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१३ , अंक- १, २०७७ साल साउन ६ गते मंगलबार (July 21, 2020) www.janaakash.com.np मूल्य रु १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**
www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

# नेपाल र भारतको सम्बन्धमा दरार

- भारत विरुद्ध नेपालको एक्सन।
- नेपाल भारतको वाकयुद्ध ।
- लाखौ नेपाली गोर्खा सैनिक नेपालको पक्षमा ।

मोहन कार्की

काठमाडौं । नेपाल र भारतको सम्बन्ध निक्कै बिग्रदो अवस्थामा पुगेको छ । नेपाल र भारतको सम्बन्ध कालापानी, लिपुलेख, र लिम्पियाधुराको भुमिको बिषयलाई लिएर पहिला भारतले उक्त भुमि भारतीय राजनीतिक नक्सामा समेटेपछि उक्त भुमि नेपालको भएको र नेपालले त्यो नक्सा सच्याउन कुटनीतिक नोट पठाउदा भारतले बेवास्ता गदै भारतीय दादागिरी देखाएको नेपालले आरोप लगाएको थियो ।

त्यसपछि पटक पटक नेपालले कुटनीतिक मार्फत नेपालको भुमि कालापानी, लिम्पियाधुरा, र लिपुलेखको बिषयमा वार्ता गरेर तथ्यको आधारामा टुङ्ग्याउ भनी नेपालले प्रस्ताव पठाउदा समेत भारतले बेवास्ता गरेपछि नेपालको अतिक्रमित भुमि नेपालको नक्सामा पनि प्रकाशन गरेर सार्वजानिक गरिएको थियो । त्यसपछि शुरु भएको वाक युद्ध नेपाल र भारतको राष्ट्रका कार्यकारी प्रमुख देखि लिएर सर्वसाधरण सम्ममा बिबाद र वाक युद्धको रुपमा बिकाश भईरहेको छ । त्यसको असर सोजासाजा नेपालका भारतमा काम गर्न गएका मजदुर र भारतका नेपालमा काम गर्न आएका मजदुर सम्ममा पर्ने देखिदै गएको छ । नेपालका नेपालीले भारतीय नागरिक अर्थात नेपालमा काम गर्ने मजदुरहरुलाई अभद्र ब्यवहार गरेका छैनान् । तर भारतमा भने भारतीय मिडिया, भारतका संघ, संस्थाहरुले नेपालका प्रधानमन्त्री केपी शर्मा ओलिको बिरोधमा नारा जुलुस र बिरोध गरिरहेका छन् । नेपालको राष्ट्रिय झण्डा समेत जलाएका छन् । त्यो अत्यन्तै निन्दनीय कार्य हो । त्यो नेपालीहरुले कहिल्यै भुल्ने छैनान् । त्यो सँगसगै अर्को निन्दनीय कार्य नेपालका एक युवकलाई बनारसमा टाउको मुन्डन गरी जर्वजस्त नारा लगाउन लगाउने कुटपिट गर्ने जस्ता घृणित कार्य भारतीय शिवसेनाले गरेको छ। उक्त कार्यले सर्वसाधरण नागरिकहरुमा त्रास फैलाएको छ । यो समस्या बढेर गएको खण्डमा नेपाल र भारतको सम्बन्ध सर्वसाधरणमा समेत असरत पुग्छ नै यसरी नेपाल र भारतको सम्बन्ध जन जनमा भएको कारण हालसम्म भारतीय विस्तारवाद नीतिले नेपाललाई डस्दापनि सर्वसाधरणको सदियौ देखिको सम्बन्धले नेपाल भारतको सम्बन्धमा असर पुगेको थिएन अहिले सर्वसाधरणलाई समेत भारतीयहरुले निसाना बनाउन थालेपछि नेपाल भारतको वाकयुद्धवाट शुरु भएको बिवाद सैनिक युद्धसम्मको अवस्था नआउला भन्न सकिन्न युद्ध कस्ले जित्ला त्यो समयले निर्धारण गर्ला तर नेपालका नेपालीले कहिल्यै इतिहाँसमा दासत्व नस्वीकारेको अवस्था छ भने भारतीय सेनामा लाखौ नेपाली गोर्खा सैनिकको रुपमा कार्यरत छन् । नेपालमा पनि भारतीय लगानीमा थुपै नीति कम्पनीहरुले बार्षिक अरबौ ब्यापार ब्यवसायवाट बाँकी २ पृष्ठमा

# पूर्वमाओवादीको भेला, नेकपा फुट्दै

काठमाडौं । सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सोमबार पार्टीभित्रको विवादको विषयमा पूर्वमाओवादीसम्वद्ध स्थायी कमिटी सदस्यहरूसँग छलफल गरेका छन् । नेताहरूलाई सोमबार विहान आफनै निवास खुमलटारमा बोलाएर प्रचण्डले केन्द्रीय कमिटीको पछिल्लो बैठकदेखि आइतबार प्रधानमन्त्री एवं अर्का अध्यक्ष केपी शर्मा ओलीसँग भएको वार्तासम्मका घटनाक्रमबारे ब्रिफिङ गरे । पूर्वमाओवादी भनेर बैठक गर्नु उपयुक्त नभए पनि अहिलेको परिस्थिति अलि जटिल भएकाले राय सल्लाह लिन बोलाएको हुँ भन्दै प्रचण्डले बैठक सुरू गरेका थिए । पार्टी एकता भएपनि सांगठनिक एकताका काम बाँकी भएको भन्दै उनले पूर्वमाओवादीको गुट नबनाउने तर विचारका हिसाबले बेलाबेला छलफल गर्दै जाने बताए । यसरी नै पूर्व एमालेसँग छलफल गर्ने उनले बताए । बैठकमा अध्यक्ष प्रचण्डसहित सबै स्थायी कमिटी सदस्यले पार्टी एकता जोगाउनुपर्नेमा जोड दिएका छन् । 'पार्टी एकता जोगाउने मात्र होइन, विभाजन गर्न खोज्नेहरूलाई निरुत्साहित गर्नुपर्छ भन्नेमा सबैको एकमत छ' एक नेताले भने । मंसिरमा पार्टी महाधिवेशन गर्ने अर्का अध्यक्ष ओलीको प्रस्तावमा सहमत हुन नसक्ने प्रचण्डले बताएका छन् ।

शनिबार भएको सचिवालय बैठकमा ओलीले मंसिरमा एकता महाधिवेशन गर्ने प्रस्ताव गरेका थिए । महाधिवेशनबाट प्रचण्डलाई अध्यक्ष बनाउने तर जनताको बहुदलीय जनवाद (जबज)लाई स्वीकार गर्नुपर्ने ओलीको प्रस्ताव रहेको प्रचण्डले सुनाए । त्यही प्रस्तावमा सहमति गराउन सचिवालय बैठक लगतै प्रधानमन्त्री ओलीले उनलाई राष्ट्रपति कार्यालय शीतल निवास बोलाइएको थियो । तर आफू सहमत नभएको प्रचण्डले बताए । वैचारिक विषय नटुंग्याई महाधिवेशन गर्दा पदका लागि मात्र गरेको सन्देश जाने उनले बताए ।

# आफ्नै आगानमा सम्मानित के.सी. दम्पती

काठमाडौं । गोङ्गबु भैरव वचत तथा ऋण सहकारी संस्था कार्यालयको उदघाटन भएको छ । साढे दुई वर्षदेखि यता कार्यालय विना नै सदस्यहरूसँग रकम संकलन गरि ऋण समेत प्रवाह गरिरहेको संस्था विधिवत दर्ता भई कार्यालय समेत खोल्न सफल भएको हो ।उदघाटन कार्यक्रमको सभापतित्व संस्थाका अध्यक्ष रत्नप्रसाद श्रेष्ठले गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि पुराण वाचक पण्डित नारायणाचार्य कौशिक हुनुहुन्थ्यो भने, विशिष्ठ अतिथिमा साहित्यकारहरूका डा. शैलेन्दुप्रकाश नेपाल र पण्डित राजेन्द्र भण्डारी रहनु भएको थियो । बन्दाबन्दीमा विशेष सामाजिक दूरी कायम गरि संचालन गरिएको कार्यक्रममा एकवर्ष सम्म सहकारीलाई निशुल्क रूपमा आफ्नो घरको एउटा कोठा उपलब्ध गराएकोमा संस्थाका कोषाध्यक्ष कृष्णबहादुर के.सी. र उनकी धर्मपत्तीलाई सम्मान गरिएको थियो । कार्यक्रममा स्वागत मन्तव्य गोपाल महतले दिनुभएको थियो । संस्थाका उपाध्यक्ष घनश्याम भट्टराईले संस्था दर्ता भई कार्यालय समेत स्थापना गर्न हामी सफल भएका छौ, आगामी दिनमा हरेक सदस्यहरूको राय, सल्लाह र सुझावको



कदर गरि विधि र नीतिमा अडिक रहेर सदस्यको जीवनस्तर उठाउने किसिमले कार्य सञ्चालन गर्नु हाम्रो दायित्व र कर्तव्य रहेको बताउनु भएको थियो ।

यसैगरी संस्थाका कोषाध्यक्ष तथा सम्मानित व्यक्तित्व कृष्णबहादुर के.सी. ले कोषाध्यक्ष पद छुच्चो भएको र छुच्याई गरिरहनु पर्ने बाध्यता आईरहने हुनाले यसलाई सदस्यले सामान्य रूपमा लिन आग्रह गर्नु भएको थियो ।


विशिष्ट अतिथि डा. शैलेन्दुप्रकाश नेपालले सहकारी संस्थामा मिलिजुली

# बाढीले बूढीगंगाका चार गाउँ विस्थापित

काठमाडात्त्८ । लगातारको वर्षाका कारण अधिकांश बस्ती पहिरो र बाढीको उच्च जोखिममा छन् । अविरल वर्षाका कारणले गर्दा गोरेटो बाटो हुँदै पक्की सडक र ग्रामीण सडक अवरूद्ध बनेका छन् ।

बाजुरा जिल्लाको बूढीगङ्गा नगरपालिका–१ र २ वडाका बस्ती पहिराका कारण विस्थापित भएका छन् । सोही नगरपालिका–१ मा पर्ने कुँडी र अम्कोट तथा २ वडामा पर्ने बजेडी, नडाङ, मुस्तोला, ताप्रीसेरा लगायत बस्ती विस्थापित भएका छन् । आइतबार आएको अविरल वर्षात्ले नडाङ खेतकोटबाट बग्ने पानीमूल र ठाडो खोलाबाट मिसिएको घट्टेखोलाको बाढीले सोही दुई वडाका ताँप्रीसेरा, मुसी र खर्राकाखेतीयोग्य जमीन बगरमा परिणत भएको २ का वडाध्यक्ष हिरालाल थापाले बताउनुभयो । गए राति आएको अविरल वर्षाका कारण बजेडीका ६ परिवारका घर माथिबाट पहिरो आएपछि चर्किएकाले विस्थापित भई छिमेकीका घरमा सरेको स्थानीय अगुवा खड्कराज जोशीले बताउनुभयो । पहिराले पूरै गाउँ जोखिममा छ । लामो समयदेखि आएको पहिरो र बजेडीमा पानी परेपछि स्थानीयवासी रातभर जाग्राम बस्ने गरेका छन् । पानी आएका बेला गाउँमा भेला भएर बालबालिकालाई काखमा च्याप्दै मानिस जाग्राम बस्ने गरेको स्थानीयवासी गमे ल्वारले बताउनुभयो ।

यसैगरी सोही वडा नडाङका १० परिवार घर चर्किएपछि शिवशंकर प्राथमिक विद्यालयमा बसेका छन् । घरमाथिबाट पहिरो आएपछि स्थानीयवासी त्रसित बनेका छन् । अविरल वर्षाका कारण बाढी र पहिराले वितण्डा मच्चाएको छ । खेतीयोग्य जमीन बगाएर लगेको छ भने लगाइएको खेती पहिराले पुरिएको अवस्था छ । ताँप्रीसेरा बजारभित्रै बाढी पसेर लाखौँको क्षति भएको छ । घट्टे खोलाबाट आएको बाढीले ताप्रीसेराका व्यापारी गोपाल थापाको पसल बगाएर लाखौँको क्षति भएको छ । बाढी पसलभित्र छिरेपछि आफू भागेर बचेको र पसल पूरै बगाएको स्थानीयवासी व्याापारी गोपाल थापाले बताउनुभयो । वर्षासँगै आएको बाढीले साँफे–मार्तडी सडकखण्डको घट्टेखोलामा निर्माण भएको पक्की पुल बगाएको छ । खोलाले बाँकी २ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# विपद्का लागि योजना बनाऔं

नेपालमा यतिवेला बाढी, डुवान, पैरो, जस्ता प्रकृतिक बिपत्तिले मानिसहरुको ज्यान लिइरहेको छ । बढीले मानिसहरु बगाएको, पैरोले पुरेको डुबानमा डुबेर मरेको देशैभरीवाट खवर आइरहेका छन् । यो घटना देशको लागि अत्यन्तै दुखः दायी घटना हो । त्यो भन्दापनि निक्कै दुखः लाग्दो बिषय यो बनेको छ बाढीले जतिलाई बगायो तिनका आफन्तलाई परेको पीडा देशका मानवीय हित चाहानेहरुको लागि निक्कै पीडादायी बनेको छ । देश मर्माहत भएको छ । यतिवेला सवै नेपालीलाई देश दुखेको छ ।तर देशमा कोरोना भाईरस फैलने डरले सरकारले लगायको लकडाउन नेपाली नागरिकहरु पनि सर्तक भई हिडडुलमा कमी ब्यवसायमा भइरहेको मन्दी जस्ता समस्याले चाहेर पनि ति बढी पिडीत, पैरो पिडीत, र डुवान पिडीतलाई स्वतन्त्र ढंङगवाट सहयोग गर्न सकिरहेका छैनान् । तरपनि नेपाली सेना, प्रहरी,नेपाल सरकारका मातहतमा रहेका निकायहरुले उद्धार ब्यवस्थापन गरिरहेका भएपनि त्यो पऱ्याप्त छैन ।

यो संकटकालीन घढीमा पनि केही संघ संस्था र नेपालीहरुले ति बिपत्तमा परेका मानिसहरुलाई आधारभुत सर सामग्रीहरु बितरण गरिरहेका छन् । यो अत्यन्तै साह्रानीय काम हो । नेपालीहरु कहिल्यै पनि मानवीय हित भुल्दैनान् भन्ने प्रमाण पनि हो । यि माथि उल्लेखित जे जस्ता घटनाहरु भएपनि सवै मिलेर सावधान खोज्नुको बिकल्प छैन ।

आउदादिनमा बर्षहरुमा पनि फेरी यसैगरी यस्तै बाढी, पैरो, डुवान आउने निश्चित छ । नेपालको भुगोल पाहाड, हिमाल, तराई मिलेर बनेको हुदा हिमालमा पानी पर्दा पाहाडमा झर्ना खस्छ । पाहाडमा पानी पर्दा चुरेमा पैरो खस्छ । चुरेमा पैरो खस्दा तराईमा डुवान बन्छ । यो बिशेषता सायद संसारमा नेपालमा मात्र होला । अर्कोतर्फ नेपालको भुगोल बिभिन्न प्रकार आकार मिलेर बनेको छ । याहाका मासिहरु पनि त्यसैगरी आकार प्रकारमा बाडीएर छरिएर बसोवास गरिरहेका छन् । कुनैको घर भिरको टाकुरामा छ । कुनैको खोलाको किनारमा । कुनैको समथर मैदान तराईमा छ । यो परापुर्व कालदेखि बसोवास गर्दै आएको नेपालीहरुको चलन थियो । हो । अहिले पछिल्लो समयमा यातायातको साधन पुऱ्याउन जतातत‍ै सडक खनेर प्राकृतिक सौदर्यलाई तहस नहस बनाएर मापदण्ड नपनाउदा पनि कतिपय ठाउमा पैरोको समस्या आएको देखिन्छ । यातायात सवरी सुविधा मानिसहरुको लागि अत्यन्तै आवाश्यक छ । तर प्रत्येक बर्ष खोस्रेर बातावरण नै बिगारर्ने गरी बनाइएका छन् । प्रत्येक बर्ष खोस्रीमात्र रहन्छन् । यो पनि एउटा समस्या हो । सडक बनाउदा एकैपटक कलभड, नाली, पानी कटाउने गरी र पैरो जोखिम क्षेत्रमा प्रविधिहरु अपनाएर गर्नुपर्ने कामहरु कतै गरेको देखिदैन । एउटा सडक जापान प्रविधिमा बनाएको धुलिखेल खुर्कोट सडक खण्ड वाहेकका । त्यस्तै अर्को समस्या नेपालको साध जोडिएको राष्टू भारतले नेपालवाट बगेर जाने पानीलाई स्वतन्त्र ढंगवाट बग्न नदिएर अनाधिकृत बाध बनाई बर्खाको बेला थुनिदिदा नेपालका तराईका भु(भागहरु डुवानमा पदै आएका छन् । यो समस्या आजको यो बर्षाको मात्र होइन ।

त्यसैले बिपद्कालीन अवस्था आउन नदिन दिर्धकालीन योजनाहरु बनाएर काम गर्नु बुद्धिमानी हुन्छ । त्यसको लागि नेपालका जोखिममुक्त खाली जमिनका क्षेत्रहरु पसस्तै रहेका छन त्यस्ता क्षेत्रहरुमा व्यवस्थित बस्ति बसाउन योजना बनाउनु पर्ने हो । र नेपालका पैरो जोखिम क्षेत्रमा बसोबास गरिरहेका क्षेत्रहरुका मानिसहरुलाई जोखिममुक्त क्षेत्रमा सार्ने आफैले अन्तै खोजेर बनाउन सक्ने हैशियत भएकालाई स्वतन्त्र रुपमा बनाउन दिने त्यो पैरो, बाढी, डुवान जोखिम छकी छैन त्यो सम्बन्धित निकायले प्रमाणित गरिदिने जो सँग त्यो हैशियत छैन । ति नागरिकहरुको लागि सरकारले ब्यवस्थापन गरिदिनु पर्छ । यस्ता दिर्धकालीन योजना थलिहाल्नुपर्छ भन्दै यस्तो सम्पादकीय लेख्न थालेको एक दशक भईसकेको छ । तर समस्या जस्ताको तस्तै घटना दोहोरी रहेका छन् । यो झनै चिन्ताको बिषय बनेको छ । यस्तै चिन्ता बढ्दै जाने र समस्याको सावधान नखोज्ने र बिपत्तको लागि बनाएको प्राकृतिक बिपत्त राहात कोष । योजनाहरु गफ लगाउने थलो बाहेक केही बन्दैनान् र नेपालका पुर्खाले रगत पसिना चुहाएर बनाएको इतिहाँस प्रतिष्ठामा समेत यस्ता प्राकृतिक बिपत्तसँग लडने योजना बनाउन नसक्दा छिमेकीले लगाएको बाँधको कुटनीतिक पहल गरेर सावधान खोज्न नसक्दा नेपालले लज्जित हुनुपर्ने अवस्था आउन सक्छ । त्यसकारण नेपालका सवै नागरिकको उत्तिक्कै महत्व छ । ति सवै नागरिकले अकालमा ज्यान नगुमाउन भन्नका लागि दिर्धकालीन योजना बनाउन जरुरी छ । जतिवेला समस्या पर्छ त्यतिला योजना बनाएर काम गर्न त्यति सजिलो हुदैन । दिर्धकालीन योजना बनाएर विकल्प सहितको जोखीममुक्त क्षेत्रमा ब्यवस्थित बस्ति बसाउनु पर्छ । तवमात्र हामीले प्रत्येक बर्ष बाढीले, पैरोले, डुवानमा, आगलागी हुदा हुने मानवीय क्षती जोगाउन सक्छौ । यो मानवीय हितभन्दा संसारमा अरु ठुलो काम के नै छ र । त्यो काम गर्न नेपाल रहेका नेपाललाई माया गर्ने युवाहरुलाई जो सँग यस मानवीय बचाउने योजनाहरु छन् उनिहरु खोजौ र संयम सेवकको रुपमा परिचालन गरेर अध्ययन गरेर नेपालमा आउने बिपत्तहरु रोकौ ।

# वैदेशिक रोजगारीबाट स्वदेश फर्कने हरेकलाई मायाले स्वागत गरौं

**सनतप्रसाद सापकोटा**

नेपालीहरूमा देश भक्ति, राष्ट्रियताको भावना र परिवर्तनको चाहना अधिक छ । नेपाली युवाहरू आफनै देशमा केही गरौं भन्ने चाहन्छन् तथापि रोजगारीको प्रतिकुल परिस्थितिले अवसरहरूको खोजीमा विदेश गई रोजगारी गर्नुपर्ने बाध्यता यथावत छ ।

सुरूमा केही युवाहरूको वैदेशिक रोजगारीको यात्राले सकारात्मक परिवर्तनको संकेत दियो । गन्तव्य देशमा राम्रो इज्जत र साख राख्न सफल भए । परिवर्तनको संकेतसँगै नेपालबाट धेरै युवाहरू रोजगारीको खोजीमा वैदेशिक रोजगारीमा जान तयार भए । गन्तव्य देशमा माग पनि बढ्यो ।

कतिपय अवस्थामा विदेशमा काम गर्नको लागि अनुकुल र सजिलो वातावरण नहुँदा नहुँदै पनि नेपाली युवाहरूले यसलाई रोजगारीको एउटा विकल्पको रूपमा अंगिकार गरे । वैदेशिक रोजगार विभागका अनुसार आर्थिक वर्ष २०७५र७६ सम्ममा २ लाख ४९ हजार ७०८ जना महिला सहित ५९ लाख ५५ हजार ०५१ जना नेपाली युवाहरू वैदेशिक रोजगारीका लागि संस्थागत माध्यमबाट ४६ देशमा र व्यक्तिगत माध्यमबाट १७१ देशमा पुगेका छन् ।

अहिले झण्डै २० लाख भन्दा बढी नेपालीहरू वैदेशिक रोजगारीमा रहेको आंकलन गरिएको छ । तथापि भिजिट भिषामा, विद्यार्थी भिषामा, डिपेन्डेण्ट भिषामा गएर काम गर्नेहरूको सत्त्या पनि उल्लेख्य भएको हुँदा यो सत्त्या अझ बढी हुन्छ । यति धेरै नेपालीहरू रोजगार भएपछि कमाई पनि बढेको छ । ।

त्यो आम्दानीले घर परिवारको आवश्यकता र चाहनाहरू पूरा गर्न सहयोग गऱ्यो भने दन्द्वबाट थलिएको अर्थतन्त्र माथी उठाउन, गरीबी घटाउन, स्वास्थ्य, शिक्षाजस्ता सुविधाहरू बढाउन योगदान गरिरहेको छ । आर्थिक वर्ष २०७५र७६ मा विप्रेषण आप्रवाहको कुल ग्राहस्थ उत्पादनसँगको अनुपात २२.६३ रहेको छ । अर्थात वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषणले हाम्रो देशका अर्थतन्त्रलाई थामिरहेको छ ।

कुनैबेला विदेशबाट घर आउँदा सवैजना सञ्चो विसञ्चो सोध्न सबै झुम्मिन्थे । परदेशको चक्लेट, उपहारहरू खुशी खुशी अपनाउँथे । आज अवस्था विपरित भएको केही उदाहरणहरू बाहिर आएका छन् ।

नेपालीहरूले विदेशमा रहेर पैसा मात्रै कमाएनन् । नेपालीको इज्जत पनि बढाए । नेपाली जस्तो अनुशासित, इमान्दार, मेहनती, स्वाभिमानी हुनुपर्छ भनेर उदाहरणीय भूमिका प्रदर्शन गरे ।

ठुला ठुला संरचनाहरूमा नेपालीहरूको पनि योगदान रहनेगरी काम गरे । आफुलाई नेपाली सावित गर्न आफु पीडामा हुँदासमेत सहनशिल भएर डटिरहे ।

विदेशको भूमिमा जति अवसरहरू भए पनि, जति सुख सुविधा भए पनि एउटा निश्चित समयपछि आफनो देश त आउनु नै पर्छ । अहिले कोरोना भाइरस (कोभिड १९) को प्रभावले धेरै नेपालीहरूलाई आफनै देशमा जान र केही गर्नको लागि पूनः एकपटक सोच्न अवसर दिएको छ । कतिपय युवाहरूले स्वदेश फर्कने निर्णय गरिसकेका छन् । तर अहिलेको विषम परिस्थितिले आफनै घरमा आउँन पनि समस्या भएको छ । घर आउन लामो पर्खाई र प्रयास गर्नु परिरहेको छ । घर पिर्तीको यात्रा त्यत्ति सजिलो देखिँदैन । परिवारका सदस्यहरू सकुशल मिलनको प्रतिक्षामा छन् ।

हामी सामाजिक प्राणी हौं । समाज एउटा न्यायालय पनि हो । समाजले त्यसका प्रत्येक सदस्यहरूको व्यवहारमा निरीक्षण र त्यो समाजको इच्छा चाहनाभन्दा फरक छ कि छैन भनेर जाँच गर्छ र निर्णय पनि सुनाउँछ ।

कुनैबेला विदेशबाट घर आउँदा सवैजना सञ्चो विसञ्चो सोध्न सबै झुम्मिन्थे । परदेशको चक्लेट, उपहारहरू खुशी खुशी अपनाउँथे । आज अवस्था विपरित भएको केही उदाहरणहरू बाहिर आएका छन् ।

विदेशबाट घर आउँन कठिनाई त छँदैछ । आफनै छिमेकी र परिवारदेखि सावधान हुनु पनि परेको छ । कुनै कुनै समाजले विदेश जाने व्यक्ति, फर्कने र उसका परिवारलाई फरक नजरले हेर्न थालेको छ र फरक व्यवहार गर्न थालेको छ ।

विदेशबाट घर आउँनु भनेको समाजमा रोग ल्याउनु हो भन्ने बुझाई केही व्यक्तिहरूमा विकसित पनि भएको छ । कोही विदेशबाट आयो भनेर चियोचर्चो र प्रतिक्रिया व्यक्त हुन थालेका छन् । हामी सामाजिक प्राणी हौं । समाज एउटा न्यायालय पनि हो । समाजले त्यसका प्रत्येक सदस्यहरूको व्यवहारमा निरीक्षण र त्यो समाजको इच्छा चाहनाभन्दा फरक छ कि छैन भनेर जाँच गर्छ र निर्णय पनि सुनाउँछ । व्यक्ति तथा समाजको सुरक्षाको चासो हुनु ।

अनुशासित व्यवहार गर्नका लागि दवाव दिनु समाज तथा सजग नागरिकको कर्तव्य पनि हो । तर समाजका केही व्यक्तिहरू अन्य व्यक्तिहरूको सम्मान, अधिकार र अवस्था विचार नगरी समाजमा हुने हरेक क्रियाकलापको ठेक्का आफूले नै लिएको भ्रममा रहन्छन् ।

कतिपय व्यक्तिहरू सामाजिक सञ्जालबाटै न्यायालय र सरकार दुवै चलाउँछन । सामाजिक सञ्जालमा नै निर्णय हुन्छ । त्यहीं कारबाही हुन्छ । त्यही मान मर्दन पनि हुन्छ ।

विदेशबाट आउने व्यक्ति महिला भएमा त झन बढी नै आलोचना हुने गर्छ । परिवर्तनलाई सहज रूपमा स्विकार नगरी यथास्थितीको वकालत गर्दै सामाजिक मूल्य मान्यता स्थापित गर्ने नाउँमा शोषण, दमन र व्यक्तिलाई नियोजित रूपमा समाजबाट बाहिर पुऱ्याउँन विविध प्रपञ्च हुनसक्छ । समाजको सुरक्षा गरीरहेको भ्रममा हामी अराजकताहरू फैलाइरहेका पनि हुन सक्छौं । जसले समाज तथा देशको आर्थिक मेरूदण्ड थामिरहेका छन् । उनीहरूलाई हामीले गर्ने सम्मान कस्तो हुनु पर्छ ? के हामीले न्याय गरेका छौं ? यदि घर फर्किने व्यक्ति मेरो आफनो परिवारको सदस्य भएको भए मेरो व्यवहार कस्तो हुन्थ्यो ? यदि त्यस्तो व्यवहार अरूले मलाई गर्दा मलाई कस्तो अनुभूति हुन्छ ? समाजले व्यक्ति वा परिवारलाई व्यवहारिक जिम्मेवारीहरूबाट अलग्याउँनु, छुट्टै बसाउँनु, कुटपिट गर्नु, सामाजिक पद भूमिकाबाट च्युत गर्नु, अपमान गर्नु, व्यङ्ग्यं गर्नु, कटाक्ष गर्नु, उपचार गर्न नदिनु, सेवाको पहुँचबाट बञ्चित गर्नु आदि जस्ता स्वरूपहरूमा यो देखा पर्न सक्छ ।

धेरैजसो अवस्थामा यस्ता निर्णयहरू व्यक्तिको स्वतन्त्रता, कानुन तथा मानव अधिकारको विपरित पनि हुने गर्छ । यस्तो अवस्थामा व्यक्तिको वास्तविक परिचय धमिलिन्छ । एउटा निर्दोष व्यक्ति समाजिक बहिस्कारको शिकार हुन पुग्दछ । यस्तो व्यवहार निन्दनीय र गर्न नहुने व्यवहार हो ।

यस्ता नकारात्मक प्रक्रिया कहिलेकाही यति निर्दयी बन्छन कि जसबाट आरोपित व्यक्तिले आफुलाई कमजोर ठान्ने, आत्मसम्मान गुमाउने, आत्मबल हराउँने भई कतिपय अवस्थामा त्यसको सामना गर्न नसकेर व्यक्तिले जीवन प्रति नै गलत निर्णय लिन पनि सक्छ । कसैले त्यो समाजसँग बदलाको भावना राख्दछ र प्रतिक्रिया पनि गर्दछ । जसले गर्दा समाजमा विचलनको सिर्जना हुन्छ । र आदर्श समाजको खम्बा डगमगाउँछ । जसले समाज तथा देशको आर्थिक मेरूदण्ड थामिरहेका छन् । उनीहरूलाई हामीले गर्ने सम्मान कस्तो हुनु पर्छ ? के हामीले न्याय गरेका छौं ? यदि घर फर्किने व्यक्ति मेरो आफनो परिवारको सदस्य भएको भए मेरो व्यवहार कस्तो हुन्थ्यो ? यदि त्यस्तो व्यवहार अरूले मलाई गर्दा मलाई कस्तो अनुभूति हुन्छ ? आफनो मातृभूमि वा घर आउँदा पनि कोही दोषी हुन्छ ? यस्ता प्रश्नहरू हामी तमाम व्यक्तिहरूले सोच्नु पर्छ जसले स्वदेश फर्कने युवाहरूलाई फरक व्यवहार गरिरहेका छौं । त्यस्ता नकारात्मक व्यवहार छिटपुट रूपमा देखिए पनि नेपाली समाज सभ्य र आदर्श समाजको ज्वलन्त उदाहरण हो । यहाँ यस्ता घृणित व्यवहार हुँदैनन् । समाजले आफ्ना सदस्यहरूलाई आपत पर्दा आपसी सहयोगलाई बढाउँछ ।

तर यसरी आपसी सहयोग गर्दा विदेशबाट आउँने व्यक्तिहरूले आफनो, परिवार तथा समग्र समाजको सुरक्षाको जिम्मेवारी बोध गर्दै सरकारले तोकेको सुरक्षा मापदण्डको पूर्ण पालना गर्नु पर्दछ । व्यक्तिगत आत्मसम्मानलाई कायम राख्नु पर्छ । आत्मबललाई डगमगाउन दिनु हुँदैन ।

अहिलेको संकटका बेला आफैं संकटमा परेर तथा देश र परिवारको मायाले स्वदेश फर्कने सम्पूर्ण दाजुभाई तथा दिदिबहिनीहरूलाई स्वागत गर्नु अहिलेको आवश्यकता हो ।

समाजले पनि आफनै परिवार सम्झेर आपसी सहयोग अभिवृद्धि गर्नु पर्छ । सामाजिक अभिभावकत्व देखाउनु पर्छ । लान्छना र पिडा भन्दा सद्भाव र सहयोग बढाउनु पर्छ । स्वदेशमा फर्कन, यहीं केही गर्नको लागि प्रोत्साहन गर्नु पर्छ । विदेशमा काम गर्दा रगत पसिना बगाएर स्वदेशको अर्थतन्त्र धानिरहेका लाखौं नेपालीहरूमा देशको माया अझ बढी प्रस्फुटित भएको हुन्छ । अहिलेको संकटका बेला आफैं संकटमा परेर तथा देश र परिवारको मायाले स्वदेश फर्कने सम्पूर्ण दाजुभाई तथा दिदिबहिनीहरूलाई स्वागत गर्नु अहिलेको आवश्यकता हो । वैदेशिक रोजगारीमा गएर कमाउन सकेर वा नसकेर फर्किएका व्यक्तिहरू, अंगभंग भएर फर्किएका व्यक्तिहरू, वैदेशिक रोजगारमा रहँदा मृत्यु भएका व्यक्तिको श्रीमती तथा परिवार, वैदेशिक रोजगारका लागि विदेश गएका महिलाहरू वा जुनसुकै अवस्थाका भए पनि भेदभाव रहित व्यवहार प्रस्तुत गर्दै हामी आफनो परिवारको सदस्य सम्झेर आफनो मातृभूमि फर्कने सबै नागरिकहरूलाई स्वदेशमा सम्मान र स्वागत गरौं । किनभने सभ्य समाजको परिचय भनेकै एक नागरिकले अर्को नागरिकलाई गर्ने सम्मान हो ।

## नेपाल...

कमाएर लिएर गईरहेको अवस्था छ । नेपाल र भारतको ब्यापार घाटाको कुरा गर्ने हो भने बार्षिक झण्डै ८ खर्वको ब्यापार घाटा नेपालले सहनु परेको छ । भारत नाफामा छ । भारतले सम्बन्ध बिगारेको खण्डमा नेपालवाट प्रप्त हुने ८ खर्व ब्यापारिक नाफा पनि गुमाउने छ ।

कालापानी, लिपुलेख, र लिम्पियाधुरा अन्तराष्ट्रियकरणमा किन ढिला ?

बिश्वका कुनै पनि एक राष्ट्रले अर्को राष्ट्रलाई अन्तराष्ट्रिय कानुन भन्दा बाहिर गएर दमण गर्ने कमजोर राष्ट्रमाथि थिचोमिचो गर्ने गरेमा अन्तराष्ट्रिय कानुनको उल्लघन भएमा त्यो कानुन उल्लघन गर्ने राष्ट्रमाथि संयुक्त राष्ट्रसंघले कारवाही अगाडी बढाउन सक्छ । नेपाल पनि संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्र भएको हैशियले नेपालको भुमि भारतले जर्वजस्त अतिक्रमण गरेको बिषयमा अन्तराष्ट्रिय अदालतमा जानुपर्ने हुनसक्छ । जानुपर्छ ।

त्यसो गर्दा नेपाललाई के फाईदा के घाटा ।

नेपालले आफ्नो भुमि अतिक्रमण भएको ६० बर्षभन्दा बढी भईसकेको छ । नेपालले भारतसँग यो नेपालको भुमि हो भन्दा जसले भन्यो त्यसैलाई सरकारवाट फाल्न भारतले कहिले तेल रोकेर सरकार ढाल्ने प्रपञ्चमा लाग्थ्यो भने कहिले नाकाबन्दी लगाएर कहिले नेपालमा नै घुसपैठ गरी बिभिन्न खालका आन्दोलन उठाएर नेपाललाई अस्त ब्यस्त बनाउने काम गरी सधै अल्पमतको सरकार मिलिजुली सरकार बनाएर खिचडी पकाउदै कहिल्यै स्पष्ट निर्णय गर्ने अधिकार नपाउन भन्ने सोच राखेर भारतीय योजनाले नेपालको राजनीतिमा खेल्दै आएको थियो । देख्दा नेपालका मानिसले आन्दोलन गरेको देखिए पनि भित्री रहस्य भारतीय चलखेलले नेपाललाई अस्थिरतामा राख्ने उदेश्य हुने गरेको छ । कहिले कुन पार्टीको कुन प्रयोग कहिले कुन पार्टीको कुन नेता प्रयोग कोही जानी जानी कोही नजानेर समेत भारतीयको नेपाललाई अस्थिरतामा राखेर नेपालाई कमजोर बनाउने खेलमा लागेको बिज्ञहरुले लगाएको आरोप यतिवेला भने पुष्टि भएको छ । नेपालमा स्पष्ट बहुमतको सरकार छ । स्पष्ट बहुमतको सरकारले स्पष्ट नीति र देशको हितमा निर्णय गर्न सक्ने अधिकार प्राप्त हुन्छ । यतिवेला भारतवाट अतिक्रमित भएको नेपालको भुमि भारतीयलाई हटाएर आफैले प्रयोग गर्न आट गरेको छ ।

यो हामीले भारतीयसँग छलफलवाट टुङगीएन भने नेपालले संयुक्त राष्ट्रसंघलाई आग्रह गर्दा संयुक्त राष्ट्रसंघले गर्ने निर्णय निष्पक्ष हुनेहुदा नेपालसँग यथेष्ठ प्रमाण भएको र नेपालको भुमि कालापानी, लिपुलेख, लिम्पियाधुरा नेपालले प्राप्त गर्छ त्यो नेपाल फाइदा छ ।

यो मुदालाई अन्तराष्ट्रियकरण गर्दा नेपाललाई घाटा देखिदैन । स्मरणरहोस नेपाल र भारतको सम्बन्ध सुधार गर्नु र वार्तावाट सावधान खोज्नु दुवै देशको लागि हितमा हुन्छ । अन्यथा दुवै देशले समस्या त भोग्नुपर्छ नै दुईदेशको सम्वन्ध बिग्रदा लाखौ लाख भारत र नेपालका सर्वसाधरणले पाउने दुखः मानवीय इतिहाँसमा नै कलकीत हुनसक्छ । त्यसैले दुवै देशका राष्ट्र प्रमुखहरुले विवादीत बिषयलाई वार्तावाट टुङग्याउनु नै बुद्धिमानी हुन्छ ।

## आफ्नै.........

अगाडि बढेमा संस्थाको उन्नति र प्रगति भैरहने बताउनु भयो र कृष्ण के.सी.ले निशुल्क कोठा उपलब्ध गराउनु भएकोमा प्रशंसा व्यक्त गर्दै आगामी वर्ष समेत अरू दानवीर भेटिउन् भन्नुभएको थियो । प्रमुख अतिथि पण्डित कौशिकले जय सहकारी भन्दै सहकारी को उन्नति र प्रगितको शुभकामना दिनु भएको थियो भने अर्का विशिष्ट अतिथि पण्डित राजेन्द्र भण्डारीले शुभकामना सहित स्वस्ती वाचन गर्नु भएको थियो ।

सभापति रत्नप्रसाद श्रेष्ठले यो संस्थाले मकैको खोसेला र फोहोर टिपेर सामाग्री उत्पादन गरि पुस सेल गरेर सदस्यको आयआर्जन वृद्धि गरि दसवर्षमा गोङ्गवु चोकमा विल्डिङ् बनाएर कार्यालय पुनः उदघाटन गर्ने बताउनु भएको थियो ।

## बाढी.....

बगाएर ल्याएका ढुङ्गामुढा पुलमा अड्किएपछि बाढी ताँप्रीसेरा बजार पसेको स्थानीयवासी आशा थापाले बताउनुभयो । महिनादिनको धानखेती बगरमा परिणत भएको स्थानीय रमेश थापाले बताउनुभयो । पक्की पुल बगाउँदा यातायात ठप्प भएको छ । गए राति आएको बाढीले बूढीगङ्गा नगरपालिकामा ठूलो क्षति भएको खबर आएको प्रहरी नायब उपरीक्षक टंकप्रसाद भट्टराईले बताउनुभयो ।

बाजुरा खण्डको साँफे -मार्तडी सडकअन्तर्गत जिल्लाको बूढीगङ्गा-२ ताँप्रीसेरामा रहेको पक्की पुल खोलाले बगाएको छ । गए राति परेको अविरल वर्षासँगै घट्टेखोलामा आएको बाढीका कारण उक्त पक्की पुल बगाएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# अब उद्योग क्षेत्रमा चमत्कार हुनेवाला छ

वर्तमान सरकारका उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री रहेका मोतीलाल दुगड आफैं उद्योगी व्यवसायी हुन् । उद्योगी आफैं मन्त्री बनेको स्थितिमा यतिखेर कोरोना भाइरस कोभिड १९ का कारण समग्र अर्थतन्त्र संकटमा परेको अवस्था छ । सरकारले तीन महिनापछि लकडाउनलाई केही खुकुलो बनाए पनि उद्योग व्यवसाय पूर्ण क्षमतामा चल्न सकेका छैनन् । सरकारी उद्योगहरु त बन्द अवस्थामै छन् । पहिल्यैदेखि घाटामा सञ्चालित संस्थानहरु अहिलेसम्म खुल्ने टुङ्गो छैन ।

यस्तो अवस्थामा उद्योगपतिसमेत रहेका राज्यमन्त्री दुगड के सोच्दैछन् र के गर्दैछन् ?

वर्तमान अवस्थामा उद्योगी व्यवसायीबारे सरकारले के सोचिरहेको र के गरिरहेको छ भन्नेबारे कुराकानी गर्ने क्रममा राज्यमन्त्री दुगडले निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्ने बताउँदै भने, 'निजी क्षेत्रलाई मैले भन्ने गरेको छु, तपाईंहरु ज्वाइँ हुनुहुन्छ, हामी रेडकार्पेटमा स्वागत गर्छौं । राष्ट्र र राष्ट्रियतालाई सर्वोपरी मानेर तपाईं काम गर्नुस्, कसैसँग डराउनुपर्दैन, सरकार तपाईंको साथमा छ ।'

राज्यमन्त्री दुगडले अब निजी क्षेत्रलाई मैले भन्ने गरेको छु– तपाईंहरु ज्वाइँ हुनुहुन्छ, हामी रेड कार्पेटमा स्वागत गर्छौं । राष्ट्र र राष्ट्रियतालाई सर्वोपरी मानेर तपाईं काम गर्नुस्, कसैसँग डराउनुपर्दैन, सरकार तपाईंको साथमा छ ।

दुगडले अब सार्वजनिक संस्थानहरूलाई पीपीपी मोडेलमा लैजानुपर्ने र तिनमा निजी क्षेत्रको लगानी भित्र्याउनुपर्ने आफ्नो पुरानो अडान पनि दोहोऱ्याए । '३०–४० वटा संस्थानमध्ये अधिकांश बन्द छन् । चलिरहेकाहरु ठूलो घाटामा छन्' राज्यमन्त्री दुगडले भने, 'यो अब सरकारले मात्रै सञ्चालन गर्न सक्दैन भन्ने देखिएको छ । अबको जति लगानी हुन्छ, त्यो निजी क्षेत्रको हुन्छ । सरकारले पैसा लगाउँदैन ।'

प्रस्तुत छ– राज्यमन्त्री दुगडसँग अनलाइनखबरकर्मी रोयल आचार्यले गरेको कुराकानीको सम्पादित अंश –

**यहाँले उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्रीको कार्यभार सम्हालेको आठ महिना पुग्नै लागेको छ । राज्यमन्त्रीका रूपमा एउटा उद्योगीको अनुभव कस्तो छ ?**

म आफैँले भन्दा आफनै प्रशंसा गरेजस्तो हुन्छ । यसकारण यो प्रश्न अरु उद्योगीव्यवसायीलाई सोध्दा राम्रो होला । यति भनौं– म आफ्नो कामबाट पूर्ण सन्तुष्ट छु । यो मन्त्रालयसँग उद्योगी–व्यवसायीको अपेक्षा धेरै थियो । म यहाँ आएपछि सबैलाई लाग्थ्यो कि मोतीलाल दुगड हाम्रै मान्छे हो । कसै कसैलाई त दुगडले जे काम पनि गरिदिन्छ भन्ने पनि लाग्थ्यो । तर, नियमसंगत हुनुपर्ने सबैको काम भएको छ । सबै उद्योगी–व्यवसायी सन्तुष्ट हुनुहुन्छ ।

निजी क्षेत्रलाई मैले भन्ने गरेको छु– तपाईंहरु ज्वाइँ हुनुहुन्छ, हामी रेड कार्पेटमा स्वागत गर्छौं । राष्ट्र र राष्ट्रियतालाई सर्वोपरी मानेर तपाईं काम गर्नुस्, कसैसँग डराउनुपर्दैन, सरकार तपाईंको साथमा छ

**तपाईं 'उद्योगीव्यवसायी भनेका सरकारका ज्वाइँ हुन' भन्ने मान्छे, अहिले उद्योगी व्यवसायीले सरकारको ज्वाइँ बनेको महसुस गरेका छन् त ?**

एकदमै महसुस गरिरहनुभएको छ । दैनिक आउनुहुन्छ । मेरोमा भिड नै हुन्छ । उद्योगी व्यवसायी, उनीहरुका कर्मचारी, वकिल, कन्सल्टेन्ट सबै आउनुहुन्छ ।

यो चुनौतीको समय हो । म मन्त्री बनेपछि कठिन चुनौतीहरु आएको छ । काम गर्न सोचेजस्तो सहज छैन । फेरि यो एकदमै ठूलो मन्त्रालय हो । यसमा उद्योग छ, वाणिज्य छ र आपुर्ति पनि छ । सबैका विषयहरु समेटेर सबैलाई सन्तुष्ट बनाउनु मामुली कुरा होइन ।

कोरोना संकटमाथि सलह र बाढीपहिरोको समस्या थपिएको छ । यस्तो बेला उद्योगहरु चलाउनु, उद्योगहरूलाई सुविधा दिनु, कच्चा माल र बजारको व्यवस्था गरिदिनु सजिलो कुरा होइन । फेरि, जनतालाई आपूर्तिको ठूलो समस्या छ । लकडाउनमा कालोबजारी हुन दिनुभएन । कुनै पनि वस्तुको मूल्यवृद्धि हुन दिनुभएन । यसमा हामी एकदम संवेदनशील भएर लाग्यौं ।

सुरूमा ग्यास सिलिण्डरको अभाव देखिएको थियो । त्यसलाई हामीले तुरून्त समाधान गर्यौं । त्यसपछि खाद्यान्न, मास्क, सेनिटाइजर लगायतका वस्तुहरूको अभाव हुन दिएनौं । यो कसरी हुन सक्यो भने हामीले गम्भीर भएर काम गऱ्यौं । हामीले आत्मविश्वासका साथ काम गऱ्यौं ।

यस्तो संकटको बेला पनि हामीले उद्योगहरु चलाउन भन्यौं । 'सप्लाई चेन' टुट्न दिएनौं । काठमाडौं लगायतका सहरहरूमा मात्रै होइन गाउँगाउँमा हामीले डेलिभरी गर्न सक्यौं । योभन्दा महत्वपूर्ण राहत वितरणको कुरा छ । एकातिर धेरैको रोजगारी गुमेको अवस्था, अर्कोतिर एकबाट अर्को ठाउँमा जान पनि समस्या थियो । हुलका हुल हाम्रा युवा शक्ति बेरोजगार बसेका थिए । दैनिक कमाएर खानेहरूको बेहाल थियो । हामीले उनीहरु सबैको लागि राहत सामग्रीको व्यवस्था गर्यौं र स्थानीय सरकार, प्रदेश सरकार र विभिन्न संघसंस्थाहरूसँग समन्वय गरेर गाउँगाउँमा पठायौं ।

हामीले ब्युरोक्रेसीले गर्ने परम्परागत काममा पनि धेरै सुधार गर्यौं । कर्मचारी साथीहरु धेरै सहयोगी हुनुहुन्छ । हाम्रो मान्यता के छ भने, निजी क्षेत्रको काम विनाकारण एकदिन पनि अड्किनुहुँदैन । पहिले विनाकारण निकै समय पर्खनुपर्थ्यो, अहिले तुरून्तैका तुरून्तै काम हुन्छ । नहुने काम हुँदैन ।

यो मन्त्रालय मातहत धेरै निकाय छ । नापतौल तथा गुणस्तर विभाग, कम्पनी रजिस्ट्रारको कार्यालय, उद्योग विभाग, वाणिज्य विभाग, साल्ट ट्रेडिङ आदि छन् । मैले विभागमा यी सबैको चेम्बर बनाउने योजना बनाएको छु । यसमा लकडाउनले गर्दा केही ढिला हुन गयो । त्यो बनाएपछि चमत्कार हुनेछ । हाम्रा ग्राहक भनेका निजी क्षेत्र हुन् । निजी क्षेत्रलाई समृद्ध बनाएनौं भने देश कसरी समृद्ध हुन्छ ? प्राइभेट सेक्टरलाई त हामीले कमाउ भन्नुपऱ्यो नि । कमाउने वातावरण बनाउनुपऱ्यो । सहयोग माग्न आउँछन् भने सहयोग दिनुपऱ्यो ।

निजी क्षेत्रलाई मैले भन्ने गरेको छु– तपाईंहरु ज्वाइँ हुनुहुन्छ, हामी रेड कार्पेटमा स्वागत गर्छौं । राष्ट्र र राष्ट्रियतालाई सर्वोपरी मानेर तपाईं काम गर्नुस्, कसैसँग डराउनुपर्दैन, सरकार तपाईंको साथमा छ ।

देशमा रोजगारी सिर्जना गर्न हामीसँग स्पष्ट खाका हुनुपर्छ, भिजन हुनुपर्छ । भावी पुस्ताले नेपाल गरिब देश हो भनेको सुन्नु नपरोस् । यो देशलाई अब गरिब रहन दिनुहुँदैन ।

**राहत प्रशस्त बाँडेको बताउनुभयो, तर निजी क्षेत्र त सरकारसँग निकै असन्तुष्ट छ नि ?**

एउटा कुरा के छ भने यसो हेर्दा जति दिए पनि सन्तुष्ट भइँदैन । सरकारको आफनो एउटा लिमिटेसन छ । काहींबाट पनि राजस्व आइराखेको छैन । रेमिट्यान्स बन्द भइसक्यो । निर्यात भइरहेको छैन ।

यस्तो अवस्थामा पनि सरकारले विभिन्न किसिमका करहरु लकडाउन खुलेको एक महिनापछि तिर्न भनेको छ । बैंकको ब्याज तिर्न पनि तीन महिना समय थपिएको छ । पुनः कर्जाको व्यवस्था गरिएको छ ।

अहिले तिरिरहेको ब्याजमा २ प्रतिशत छुट पनि सरकारले गराएको छ । बिजुली महसुलमा छुट दिइएको छ । बिजुलीको डिमाण्ड चार्ज तिर्नुपर्दैन । राति बिजुलीको महसुलमा ५० प्रतिशत छुट गरिएको छ ।

आत्मनिर्भर उद्योगहरूको कच्चा मालको भन्सार शुल्क घटाइएको छ । स्वदेशी उद्योग जोगिऊन् भनेर तयारी वस्तुहरूको मात्र भन्सार महसुल बढाइएको छ । सरकारले यस्ता नीतिहरु निजी क्षेत्रलाई राहत पुगोस् भनेरै ल्याएको हो ।

**तपाईंले सार्वजनिक संस्थानहरु पीपीपी मोडलमा जानुपर्नेमा जोड दिँदै आउनुभएको छ । यो मोडल कसरी उपयुक्त छ ?**

नेपालमा औद्योगिक क्रान्ति ल्याउनु छ भने २–३ वटा कदम चाल्नुपर्छ । पहिलो–निजी क्षेत्रका रूग्ण उद्योगहरूलाई 'रिभाइभ' गर्नुपर्छ, जुन काम सुरू भइसक्यो । तयारी पोसाक उद्योग धराशायी भएर बन्द छ, तिनीहरूलाई 'रिभाइभ' गर्ने प्रयास सुरू गरिएको छ । बजार र कच्चा पदार्थ, कुशल व्यवस्थापन र पुँजीको अभाव भएर बन्द भएका अन्य उद्योगहरु पनि छन् । ती उद्योग कसरी सञ्चालन गर्न सकिन्छ भनेर त्यसका सञ्चालक र सम्बन्धित संघ–संस्थासँग छलफल गरिरहेका छौं ।

३०–४० वटा संस्थानमध्ये अधिकांश बन्द छन् । चलिरहेकाहरु ठूलो घाटामा छन् । यसमा मैले अध्ययन गर्दा 'मिसम्यानेजमेन्ट'बाट यो अवस्था आएको पाएको छु । यो अब सरकारले मात्रै सञ्चालन गर्न सक्दैन भन्ने देखिएको छ । 'प्रोफेसनल म्यानेजमेन्ट' हुने हो भने कुनै कम्पनी घाटामा जाँदैन । यसका लागि अब निजी क्षेत्रसँग सहकार्य गर्ने हो । निजी क्षेत्रको अनुभव, भिजन र बजार छ । अनि सरकारको अहिलेसम्मको लगानी छ ।

चल्न नसक्ने जुन उद्योगहरूमा सहकार्य गरिन्छ । जस्तो– गोरखकाली रबर उद्योग । त्यसको मेसिनहरु एकदमै जीर्ण भइसकेका छन् । नयाँ मेसिन ल्याएर सञ्चालन गर्न दुईवटा ठूला टायर कम्पनीसँग कुरा भइरहेको छ । जनकपुर चुरोट कारखानामा पनि यसै गर्न सकिन्छ । निजी क्षेत्रसँगको सहकार्यमा सिमेन्ट उद्योगहरूलाई पनि नाफामा ल्याउन सक्छौं । जुटको समय नै सकिन लागेकाले बिराटनगर जुट मिलचाहिँ अब चल्न सक्दैन । त्यहाँ औद्योगिक पार्क, म्युजियम र वेयर हाउसहरु बनाएर आम्दानी गर्न सकिन्छ ।

अर्को, नेपाल औषधि लिमिटेड चलाउन पनि नयाँ कम्पनीहरूसँग कुरा भइरहेको छ । वीरगञ्जमा चिनी मिल छ, हेटौंडा कपडा उद्योग, बुटवल धागो कारखाना, औजार कारखानाजस्ता संस्थान चलाउन एउटा रणनीति बनाइरहेका छौं । यसमा विज्ञहरुको सल्लाहसँगै प्रस्तावहरु पनि आइरहेका छन् । अबको जति लगानी हुन्छ, त्यो निजी क्षेत्रको हुन्छ । सरकारले पैसा लगाउँदैन । अहिले भएको पूर्वाधार नै सरकारको लगानी हो ।



## मोतीलाल दुगड
## उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री

**निजी क्षेत्रलाई पोस्न दुगडले पीपीपी मोडलको कुरा उठाएको भन्ने आरोप पनि छ नि ?**

मलाई यस्तो आरोप लगाएर केही फरक पर्दैन । निजी क्षेत्रलाई त पोस्नैपर्छ । घाटामा गएका उद्योगहरूलाई पोस्नुपरेन ? हाम्रा यत्रा उद्योगका मेसिनहरु जर्जर भइसके, श्रमिकलाई दिन पैसा छैन । अनि यसै सड्न दिने ?

उद्योगका जग्गा कब्जा गरेर मान्छे बसिसके । यिनीहरूलाई यसै छाडिदिने कि उद्योग चलाउने ? यहाँ कुरा आउला फेरि सरकारले चलाउन नसकेको उद्योग अरूलाई के दिन्छ ? निजी क्षेत्रलाई दिएपछि ५० प्रतिशत कमाइ उसले लैजान्छ ५० प्रतिशत सरकारलाई दिन्छ । त्यसकारण सरकारले पीपीपी मोडलमा रूग्ण उद्योगहरु निजी क्षेत्रलाई दिन्छ ।

**सार्वजनिक संस्थानहरू यो मोडलमा जाँदा के फाइदा हुन्छ ?**

हामी सेयरको रेसियो हेर्छौं– सरकारको इक्युटी कति छ, निजी क्षेत्रको कति लगानी हुन्छ । ५०–५० प्रतिशत हुन सक्ला, ६०–४० हुनसक्ला वा कुनै प्रतिशत तोकिएला ।

लगानीको मोडल बनेपछि थप विश्लेषण हुन्छ । थला परेका संस्थानहरु धमाधम चले भने सरकारलाई के घाटा हुन्छ ? निजी क्षेत्रलाई पोस्दा सरकारलाई कति फाइदा हुन्छ ? कर कति उठ्छ ? त्यो पनि हेरिन्छ ।

आजको जमानामा पीपीपी मोडलमा जान हुँदैन भने कसरी विकास हुन्छ त ? व्यवसाय पोसिएन भने देश कसरी मोटाउँछ त ? कुनै संस्थानले सालमा ५० करोड, कुनैले १०० करोड त कुनैले २५ करोड फाइदा दिन्छ भने बोल्नेहरु बोलिरहून्, हामीलाई केही फरक पर्दैन । अब नयाँ सोचका साथ अगाडि बढ्ने हो । अनि मात्र यो देश बन्छ ।

**पीपीपी मोडलका लागि निजी क्षेत्रचाहिँ तयार छ त ?**

मसँग तपाईंलाई देखाउन सक्ने ५० औं प्रस्ताव छन् । यहाँ होडबाजी छ, हामी गर्छौं भन्ने । चमत्कार हुनेवाला छ ।

आलोचना गर्नेहरूलाई मेरो अनुरोध छ– कृपया तपाईंहरु केही समय हेर्नुहोस् । त्यसपछि मलाई उद्योगी–व्यापारी पोसेकोमा सजाय दिनुहोला । तर, अहिले काम गर्न दिनुस् ।

कुर्सीमा बस्नेबित्तिकै मन्त्रीले आफना मान्छेको मात्र काम गर्छ भन्ने सोच अब त्याग्नुपऱ्यो । यो देश हामी सबैको हो । यसलाई बन्न दिनुपऱ्यो । यसका लागि औद्योगीकरणमा जान पऱ्यो । यसमा निजी क्षेत्रलाई सहयोगी बनाउनुपऱ्यो ।

**हाम्रो मुलुक कहिलेसम्म रेमिट्यान्सले चल्ने ? हाम्रा युवाको शव आएको बाकस कति गन्ने ? आत्मनिर्भर हुनलाई हामीसँग अरु स्रोत साधन छैनन् र ?**

हामीले रेमिट्यान्स होइन, देशमै औद्योगीकरण गरेर रोजगारी सिर्जना गर्नुपर्छ । यसका लागि हामी साना उद्योगबाट काम सुरू गर्दैछौं । स्थानीय तह र प्रदेश सरकारसँग समन्वय गरेर हरेक स्थानीय तहमा औद्योगिक ग्रामको स्थापना गर्दैछौं ।

त्यहाँ कोही अचार बनाउँछन्, कोही छुर्पी । कोही जुत्ता बनाउँछन्, कोही अर्को चिज बनाउँछन् । औद्योगिक ग्राममा साना उद्योगीहरूलाई सबै सुविधा दिन्छौं । सहुलियतपूर्ण कर्जा, बजार प्रवर्द्धन सबै गर्छौं ।

नेपालीसँग क्षमताको कमी छैन । व्यवस्थित तरिकाले काम गर्न नसकिएको मात्र हो ।

**विदेशबाट फर्कने युवाको संख्या ठूलै छ । उनीहरूलाई स्वदेशमै रोजगारी दिन सरकारसँग के योजना छ ?**

एकदमै सकिन्छ । अहिले कोरोनाले हामीलाई धेरै ठूलो चुनौती दिएको छ । चुनौतीसँगै अवसर पनि हुन्छ । हामीले सोच परिवर्तन गर्नुपर्छ । रेमिट्यान्सको भरपर्ने होइन, अब हामी बाहिरका नागरिक बोलाएर यहाँ काम दिऔं । नेपालमा केही कमी छैन । अघि भनिसकें, अब साना तथा मझौला उद्योगहरूलाई नयाँ तरिकाले व्यवस्थापन गर्न लागेका छौं । कृषिमा पनि आधुनिकीकरण गर्ने कदमहरु चालिँदैछन् ।

हामी दुई चिजमा आत्मनिर्भर हुनुपर्छ । एउटा– शिक्षा र अर्को स्वास्थ्य । शिक्षाका लागि हाम्रो ठूलो रकम बाहिरिने गरेको छ । हामी नेपालमै गुणस्तरीय शिक्षा दिन सक्छौं । विदेशका ठूलाठूला युनिभर्सिटीको सम्बन्धन ल्याउन सक्छौं ।

शिक्षा र स्वास्थ्यका लागि विदेश जानुनपर्ने अवस्था बनाउने हो भने यहीं राम्रै रोजगारी दिन सकिन्छ । प्रशस्त सम्भावनाहरु छन् । यो गऱ्यो भने मन्त्रीले उद्योगी–व्यवसायीलाई पोस्यो भन्ने कुरा आउला । अब यस्तो नकारात्मक भावना त्यागौं ।

हामी गरिब छैनौं, हाम्रो मानसिकता गरिब छ । र पनि देशलाई संकट पर्दा हामी सबै एक हुन्छौं, देशको माया सबैलाई छ । अब देशलाई समृद्ध बनाउन लागौं ।

हामी 'स्टार्ट अप नेपाल'मा जाँदैछौं । भेन्टिलेटरदेखि रोबर्टसम्म बनाउनेलाई अगाडि बढाउने काम सुरू भइसकेको छ ।

अर्को, हामी नेपालमा नभएको उद्योग स्थापना गरेर वस्तु उत्पादन गर्न लगाउँछौं । अरु देशहरु हेर्नोस्, त्यहाँ कामबाहेक अरु केहीको चर्चा छैन । सबै काम गर्न लागेका छन्, हामी पनि काममा लागौं । कति आश्चर्यको कुरा छ– नेपालमा सियो बनाउने कारखानासमेत छैन, न त एउटा काँचको गिलास बनाउन सक्छौं । जब कि, जनसंख्या र भूगोलको हिसाबले हामी ताइवानभन्दा ठूलो छौं । ताइवानको उत्पादन विश्वका अधिकांश मुलुकमा पुग्छन्, हामी सबै चिज आयात गर्छौं । यसकारण अब नेपालीको सोच परिवर्तन हुनुपऱ्यो । हामीसँग स्रोत साधनको कमी छैन, अब यसको सदुपयोगमा केन्द्रित हुनपर्छ ।

–अनलाइनखबरबाट

# नबिल बैंकको ३६ औं वार्षिकोत्सव अफर

वर्तमान महामारीलाई मध्यनजर गर्दै, नबिल बैंकले सम्पूर्ण ऋणी ग्राहक महानुभावको आवश्यकतालाई सहज पर्ने उद्देश्यले ३६ औं वार्षिकोत्सव योजना ल्याएको छ। उक्त योजना अन्तर्गत, बैंकले रिटेल कर्जा (घर कर्जा, धितो कर्जा, व्यक्तिगत ओभरड्राफ्ट) र साना तथा मझौला ब्यवसाय कर्जामा विशेष व्याज छुट दिने छ। जस अन्तर्गत घर कर्जामा ७.९९ प्रतिशत, धितो कर्जामा ८.४९प्रतिशत, व्यक्तिगत ओभरड्राफ्टमा ८.४९ प्रतिशत, र साना तथा मझौला कर्जामा ७.९९ प्रतिशत हुनेछ। सिमित समको लागि बैंकले ल्याएको विशेष छुट वार्षिकोत्सव योजनाको प्रक्रिया सबै शाखाहरुबाट अगाडी बढाउन सकिनेछ। यस योजनाबाट रिटेल र साना तथा मझौला ब्यवसायका ग्राहकहरुलाई केहि सहायता पुग्ने बैंकले विश्वास गरेको छ। सन् १९८४ देखि आफ्ना सम्माननीय ग्राहकहरुलाई समायनुकुल सेवा प्रदान गर्दै आएको यस नबिल बैंकको ११८ शाखा, १७५ एटिएम र १५०० भन्दा बढि नबिल रेमिट एजेन्टहरु रहेको नबिल बैंकले नेपाली बैंकिङ्ग क्षेत्रमा नविनतम् सेवाको शुरुवात गर्न अग्रणी भुमिका खेल्नुका साथै नेपालको बैंकिङ्ग विकासको इतिहासमा कोसेढुङ्गाको रुपमा काम गर्दै आएको छ। यस बैंक ग्राहकवर्गको उच्च सन्तुष्टी एवम आधुनिक बैंकिङ्ग युगको शुरुवात गर्ने तर्फ केन्द्रित रहेको छ।

# कामानाले ल्यायो दृष्टिविहीनहरुका लागि कामना सेवाको स्वाभिमान बचत खाता सुविधा

काठमाडौं। प्रगतिको आधार कामना सेवासँग कारोबार् भन्ने मुल नाराका साथ आम जनतामाझ विभिन्न बैकिङ सेवा सुविधा प्रदान गर्दै आइरहेको कामना सेवा विकास बैंकले दृष्टिविहीन व्यक्तिहरुका लागिविशेष प्रकृतिको खाता स्वाभिमान बचत खाता संचालनमा ल्याएको छ। ग्राहकले खाता खोल्दा भर्ने निवेदन फाराम तथा ग्राहक पहिचान सम्बन्धी विवरणमा के के विषयहरु उल्लेख भएको छ भन्ने बारेमा ग्राहक आफैले पढ्न सक्ने गरी ब्रेल लिपिको व्यवस्था समेत गरिएको छ। यो दृष्टिविहीनहरुलाई लक्षित गरी सञ्चालनमा ल्याईएको डिपोजिट प्रोडक्ट नेपालको बैकिङ्ग क्षेत्रकै पहिलो भएको बैकले जानकारी दिएको हो। यस खाता शुन्य मौज्दातमा खोली उच्चतम् प्रतिफल प्राप्त गर्नुका साथै बैंकबाट प्रदान गरिने अन्य विशेष सुविधाहरु समेत लिन सकिनेछ। हाललाई ज्ञानेश्वर स्थित मुख्य शाखा कार्यालयबाट अडियोको सहायता लिएर एटिएम सुविधा लिन सक्ने व्यवस्था समेत गरिएको छ। बैंकका सञ्चालक विश्वेश्वर सुवेदीले यस खाताको शुभारम्भ गर्नु भएको थियो भने प्रमुख कार्यकारी अधिकृत प्रविण बस्नेतले खाताको जानकारी तथा बैंकको अवधारणा बारे प्रकाश पर्नु भएको थियो। खाता शुभारम्भ कार्यक्रममा नेपाल नेत्रहिन संघका प्रोग्राम अफिसर शोभा न्यौपानेले दृष्टिविहीनहरुले भोग्नु परेका समस्या र चुनौतीहरुका बारेमा प्रकाश पार्नु भएको थियो। यसै गरी नेपाल नेत्रहिन संघका अध्यक्ष नर बहादुर लिम्बुले आफुहरु दृष्टिविहीन भएको कारण राज्यका निकायहरुबाट पाउने विभिन्न सुविधाहरु उपभोग गर्नबाट बञ्चित भएको गुनासो गर्नु हुदै कामना सेवा विकास बैंकले इज्जतका साथ हामीलाई आम नागरिक सरह बैंकिङ सुविधा लिन पाउने अवसर प्रदान गरेकोमा संघ तथा आफ्नो व्यक्तिगत तर्फबाट धन्यवाद दिंदै अन्य बैंक ता वित्तीय संस्थहरुले समेत यो महत्वपूर्ण कार्यको अनुसरण गर्नु पर्ने बताउनु भएको थियो। कामना सेवा बिकाश बैंकको १२४ वटा शाखा तथा ६६ वटा ATM मार्फत ग्राहकहरुलाई आफनो सेवाहरु प्रदान गर्दै आएको छ।

# एभरेष्ट बैंक र एफवान संकटबीच सम्झौता

कठमाडौं। एभरेष्ट बैंक र एफवान सफ्ट इन्टरनेशनलबीच मोबाईल बैंकिङ सेवाका लागि सम्झौता भएको छ। सम्झौतासँगै अब एभरेष्ट बैंकको मोबाईल




एप्स् ईबीएलटच २४ मा नयाँ सुविधा थपिएका छन्। सम्झौतापत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत गजेन्दर कुमार नेगी र एफवान सफ्टका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुवास शर्माले हस्ताक्षर गरी आधिकरिता प्रदान गरेका हुन्। यो मोबाईल एप्स्मा अत्याधुनिक सुरक्षा प्रणाली अपनाइएको छ भने बैंकको 'ईबीएलटच २४' मा नयाँ सुविधाहरु थप गरिएको छ। ग्राहकहरुले एपमार्फत ५० भन्दा बढी बैंकका खाताहरुमा रकम ट्रान्सफर, बिजुली, पानीको महशुल, टिभी, इन्टरनेटको बिल भुक्तानी, मोबाइल रिचार्ज, हवाइ जहाज, बस तथा सिनेमा टिकटको अन्लाईन खरिद गर्नुका साथै एक लाखभन्दा बढी मर्चेन्टहरुमा क्युआर पेमेन्टबाट भुक्तानी गर्न सक्नेछन्।

# एन आई सी एशिया बैंकमा अनलाईनबाटै भौचर भर्न सकिने

काठमाडौं। नेपालको निजी क्षेत्रको सवैभन्दा ठुलो बैकको रुपमा रहेको एन आई सि एसिया बैकले ग्रहकहरुलाई सेवा दिन अहिले अनलाईनवाट नै भौचर भर्न सकिने व्यवस्था लागु गरेको छ। घर वा अफिसबाट आफ्नो मोबाइल, ल्यापटप वा कम्प्युटर प्रयोग गरी आफ्नो वा आफुले चाहेको एन आई सी एशिया बैंकको खातामा नगद रकम जम्मा गर्ने भौचर भर्न मिल्ने अनलाईन प्रणालीको बिकाश गरी ग्रहकहरुलाई सजिलो बनाएको एन आई सि एसिया बैकले जनाएको छ। ग्राहकहरुले आफ्नो मोबाइल वा कम्प्युटरमार्फत www.iserve.nicasiabank.com लिंकमा गई नगद रकम जम्मा गर्न डिजिटल माध्यमबाट भौचर भर्न सकिनेछ। उक्त लिंक भित्र पुगेपश्चात् सेवाग्राहीहरुले भौतिक फारमकै ढाँचाको डिजिटल भौचर राखिनेछ र उक्त भौचरमा आफुलाई पायक पर्ने शाखा छनौट गरी आवश्यक विवरणहरु भरिसकेपछि बैंकबाट सेवाग्राहीलाई एसएमएस (कक) मार्फत डिपोजिट कोड पठाईने र तत्पश्चात् उक्त डिपोजिट कोडसहित सेवाग्राही सिधै बैंकको शाखामा उपस्थित भई बिना कुनै नगद भौचर सोझै नगद काउण्टरमार्फत आफुले नगद जम्मा गर्न चाहेको खातामा नगद जम्मा गर्न सकिनेछ। यसरी नगद जम्मा गर्दा सेवाग्राहीले काउण्टरमा बसेको बैंकको कर्मचारीलाई आफ्नो डिपोजिट कोड भनेपछि नगद बुझ्ने र यसपछि बैंकका कर्मचारीद्वारा नगद रकम जम्मा भएको भौचर सम्बन्धित सेवाग्राहीलाई प्रदान गरिनेछ। बैंकले ल्याएको अनलाईनबाटै भौचर भर्न सकिने सुविधाले लाइन नबसी सेवा लिनको निमित्त सहयोग पुग्ने बैंकले विश्वास राख्दै लाईनमा बस्नुपर्ने झन्झटवाट ग्रहक मुक्त हुने बैकले जानकारी दिएको हो।

# मुक्तिनाथ विकास बैंक लि उत्कृष्ट वार्षिक प्रतिवेदनमा पुरस्कृत

काठमाडौं। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) ले हरेक बर्ष नेपाल वित्तीय प्रतिवेदनमा ल्ँव्क प्रणाली मार्फत वित्तीय विवरण प्रकाशन गर्ने उत्कृष्ट संस्थाहरुलाई प्रदान गर्दै आएको विभिन्न विधाहरु मध्ये वित्तीय क्षेत्रतर्फ आर्थिक वर्ष २०७५/०७६ को लागि उत्कृष्ट वार्षिक प्रतिवेदन प्रस्तुत पुरस्कार Best Presented Annual Report Award मुक्तिनाथ विकास बैंकले प्राप्त गरेको छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) ले (Public and Private Sector )विभिन्न ५ विधामा प्रस्तुत गरेको थियो। विधाहरुमा १. बैंकिङ्ग क्षेत्र (Public and Private Sector )२.वित्तीय क्षेत्र ३. बीमा क्षेत्र ४. सार्वजनिक क्षेत्र ईकाइ ५. सामान्य क्षेत्र रहेका छन्। विकास बैंक र वित्त कम्पनीहरु मध्येबाट मुक्तिनाथ विकास बैंकले वित्तीय क्षेत्रविधाको सर्वोकृष्ट पुरस्कार प्राप्त गरेको हो। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले संस्थाको नवनिर्वाचित अध्यक्ष र उपाधक्ष्यको सपथ ग्रहण समारोहमा उक्त पुरस्कार प्रदान गरेको थियो। समारोहका विशेष अतिथि महालेखा परिक्षक टंकमणि शर्मा दंगालले मुक्तिनाथ विकास बैंकका कार्यकारी प्रमुख अधिकृत प्रद्युमन पोखरेललाई पुरस्कार हस्तान्तरण गर्नुभएको थियो। बैंकिङ्ग क्षेत्रमा उक्त पुरस्कारलाई अति प्रतिष्ठित पुरस्कार मानिने गरिएको छ।

# कोरानाबाट जोगिने सामाग्री किन्दा मेगा बैंकका ग्राहकलाई छुट

काठमाडौं। कोरोना महामारीबाट सावधानी अपनाउन आवश्यक पर्ने बिभिन्न स्वास्थ्य सामाग्रीहरु खरिदमा मेगा बैंक नेपाल लिमिटेडका ग्राहकहरुलाई विशेष छुटको व्यवस्था गरिएको छ। मेगा बैंकका ग्राहकहरुलाई रिचार्जर नामक अनलाइन सपिङबाट स्वास्थ्य सामाग्री खरिद गर्दा विशेष छुटको व्यवस्था गरिएको हो। पीपीई, सेनिटाइजर, इन्फ्रारेड थर्मोमिटर, सर्जिकल मास्क, ग्लोब्स, सेफ्टी सुज, सेफ्टी चश्मा, फेस प्रोटेक्टर, डिस्इन्फेक्टेन्ट स्प्रे लगायत विभिन्न सामाग्री खरिदमा मेगा बैंकका ग्राहकहरुलाई छुटको व्यवस्था गरिएको रिचार्जरले जनाएको छ।

मेगा बैंकका डेबिट र क्रेडिट कार्डबाहक ग्राहकहरुले कार्डबाट इकमर्समार्फत रकम भुक्तानी गर्दा प्रत्येक पटक १० प्रतिशत र अधिकतम ५ सय रुपैंयासम्म छुटको व्यवस्था गरिएको छ। रिचार्जरको वेभसाइट तथा मोबाइल एप्समार्फत ग्राहकहरुले सामान अर्डर गर्न सक्नेछन्। देशव्यापी लकडाउनको असहज अवस्था तथा कोरोनाको सम्भावित खतराबाट जोगिन सहज होस् भन्ने उद्देश्यले यो व्यवस्था गरिएको मेगा बैंकले जनाएको छ। मेगा बैंकको सुविधा ग्रहकहरुका लागि भरपर्दो र बिश्वसनीय रहदै आएको छ।

## बैकिङ्ग संसार

# राजविराजमा लक्ष्मी बैंकको शाखा बिस्तार

काठमाडौं। लक्ष्मी बैंकले शाखा संजाल विस्तार गर्ने क्रममा ५औं एक्स्टेन्सन काउण्टर राजविराजको जिल्ला अदालतमा संचालनमा ल्याएको छ। यो शाखा मार्फत बैकंले ग्राहकहरुको वित्तीय आवश्यकता पुरा गर्न आवश्यक सम्पूर्ण रिटेल बैकिंग सेवाका साथै साना तथा लघु व्यवसायीहरु




माझ वित्तीय पहुँच पुऱ्याउने लक्ष्य राखेको छ। यो नयाँ एक्स्टेन्सन काउण्टरको स्थापनाको साथै लक्ष्मी बैंकको संजाल ४८ जिल्लामा १२१ शाखा, ५ एक्स्टेन्सन काउण्टर, ४ हस्पिटल सेवा काउन्टर, १५१ एटिएम, २५०० भन्दा बढि रेमिटेन्स् एजेन्ट तथा ६१ शाखा रहित बैंकिङ्गएजेन्टहरु पुगेको छ। यो शाखाको साथ लक्ष्मी बैंकले आफ्नो सेवाअझ सुदृढ अनि व्यापक बनाउने विश्वास राखेको छ। सुविधाजनक बचत खाता योजना, मुद्दती निक्षेप योजना, घर तथा सवारी कर्जा, साना व्यवसायी कर्जा, लघुवित्त, लगायतका वित्तीय सेवाहरुको बढ्दो मागलाई पूरा गर्न बैंकले नयाँ तथा वित्तीय पहुँच नपुगेका क्षेत्रहरुमा सक्रिय रुपमा सेवा विस्तार गर्दै आएको छ। यो सँगै बैकले ग्रहकवर्गको सुविधालाई ध्यान दिएको देखिन्छ।

# सांग्रिला डेभलपमेन्ट बैंकको अनलाइनबाटै खाता खोल्न सकिने

काठमाडौं। सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले आफ्ना ग्राहकलाई लक्षित गरी सूचना प्रविधिको विकाससँगै ग्राहक सेवा सुविधामा सरलीकरण गर्न र बैंकले प्रदान गर्ने सेवालाई समय सापेक्ष र प्रविधि मैत्री बनाउँदै अनलाइनबाट खाता खोल्ने प्रणाली सुरु गरेको छ। अनलाईनबाट खाता खोल्ने प्रणालीको शुरुवात पश्चात देश विदेशमा रहेका नेपालीहरुले अनलाईनबाटै खाता खोल्ने फारम भरी आवश्यक कागजात अपलोड गरी




शून्य मौज्दातमा खाता खोल्न सक्नुहुनेछ। यसबाट स्वदेश तथा विदेशमा र हेका नेपालीहरूले आफ्नै घर तथा कार्यालयमा बसि बैंक खाता खोल्न सक्ने व्यवस्थाको सुरुवात गरिएको छ। बैंकले विकास गरेको प्रविधि अत्याधुनिक र सरल रहेको एंव खाता खोल्नको लागि बैंकको वेभसाईटमा आवश्यक लिंक तयार गरी राखिएको हुँदा उक्त लिंकमा पहुँच गरी खाता खोल्न सक्ने व्यवस्था मिलाएको छ। यस योजना बाट ग्राहक महानुभावले अधिकतम् लाभ लिन सक्ने बैंकले विश्वास लिएको छ। मुलुकभर ९१ शाखा कार्यालयहरु, ३० एटिएम, साथै संस्थागत सुशासन, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीको उत्कृष्ट अभ्यासलाई पालना गर्दै आएको बैंकले बताएको छ।

# घट्न थाल्यो कर्जा र निक्षेपको ब्याजदर

काठमाडौं। बैङ्क तथा वित्तीय क्षेत्रमा कर्जा तथा निक्षेपको ब्याजदर घटेको छ। राष्ट्र बैङ्कका गभर्नर महाप्रसाद अधिकारीले पछिल्लो समय बैङ्कको ब्यादजरमा कमी हुँदै गएको जानकारी दिए। गभर्नर अधिकारीले संघीय संसदको अर्थसमितिमा दिएको जानकारी अनुसार ११ महिनामा कर्जाको ब्याजदर १ दशमलव ७ प्रतिशतले कमी आएको छ। २०७६ असार महिनामा बैङ्क तथा वित्तीय संस्थाहरूको औसत कर्जाको ब्याजदर १२ दशमलव १३ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको जेठ मसान्तसम्म आइपुग्दा १ दशमलव ७ प्रतिशतले घटेर कर्जाको ब्याजदर १० दशमलव ४३ प्रतिशतमा झरेको गभर्नर अधिकारीले जानकारी दिए। कर्जामात्रै होइन यस अवधिमा निक्षेपको ब्याजदरमा समेत कमी आएको छ। २०७६ असार मा ६ दशमलव ६० प्रतिशत रहेको कर्जाको ब्याजदर २०७७ जेठमा घटेर ६ दशमलव १७ प्रतिशत कायम भएको अधिकारीले जानकारी दिए। आधार दरमा पनि क्रमिक रूपले कमी आउँदै गएको छ। वाणिज्य बैङ्कहरूको औसत आधार दर २०७६ असारसम्म ९ दशमलव ५७ अंकमा थियो। त्यो घटेर २०७७ जेठमा ८ दशमलव ६६ प्रतिशत कायम भएको छ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np



# कहाँ पुग्यो छानविन



कृष्ण बहादुर बोगटी काका
चक्रबहिल- १२, बालकुमारी, ललितपुर

गल्ती गर्ने दुर्गा प्रसाई सिकार हुने मन्त्री प्रसाईले गरेको गल्ती ढाकछोप गर्न केही नराम्रो बोल्दा सारै इमान्दार नेता सिन्धुपाल्चोकको धेरै राम्रो नेता हुन शेरबहादुर तामाङ जस्ता राम्रा नेतालाइ राजीनामा दिन लगाउनेहरु दुर्गा प्रसाईलाई कारवाही गर्न किन बोली रहेका छैनन् किनकी दुर्गा ठूलो नेताको नाता भएकै कारण दोषी उम्कीदै जाने हो भने हामी जस्ता घरबार विहिन गरिबले कहाँ न्याय माग्नजाने सरकारले गरेको कानुन हेरफेर गर्दा कुर्लने महिला अधिकारकर्मिहरु हाम्रा चेलीको इज्जत विक्री गर्ने दुर्गा प्रसाईको विरुद्ध किन कुर्लिन सक्दैनन महिला आयोग र नेपाल मानव अधिकार आयोग कुनैपनि संघसंस्थाहरु सक्रिय भएको देखींदैन किन दुर्गा प्रसाई धनीमानीमा गनिनेभएकाले कसैले पनि विरोध गरेको देखिदैन । किन नियम कानुन निमुखा गरिबलाई मात्र लाग्ने हो ।

त्यस्तो नियम त नेपालमा पन्चायत कालमा समेत थिएन दोषीलाई कार्वाही हुने गर्थ्यो, निर्दोषी भए छुटकारा पाउथ्यो तर अहिले गणतन्त्र लोकतन्त्र के के आयो आयो तर भ्रष्टले गरीबलाई झुटठो आरोप लगाए पनि लाग्छ । नियम कानुन छानविन कर्ता सबै पैसामै विकेको देख्छु । पैसा शक्ति हुनेले कुनै पनी आरोप लगायो भने सबैले चासो दिएको देखिन्छ तर गरिबलाई जतिनै निर्दोषी होस कुनैपनी संघ संस्था सरकारी ओकिल पुलिस प्रशासन कसैले पनि साथ नदिएको देखिन्छ अब को न्याय भनेको कुनै पनि नातागोता पार्टी केही नहेरी दोषीको निर्दोषको पक्ष लिई काम गर्नुपर्ने देखिन्छ । अब मेरो नेपालमा कुनैपनी निर्दोषी नफसोस दोषी नछुटोस ।

अब कुनैपनि निकायले हाम्रोलाईहैन राम्रो लाईहेर्नुपर्ने देखिन्छ सरकारी ओकिलले पनि दोषी निर्दोसी हेर्नुपर्छ पैसा दिनेको मुद्दा विचैमा तुहाउने र घरबार विहिन गरिको चै निर्दोषि भए पनि मुद्दा चलाएको देखिन्छ । सबै पैसा शक्तिकै खेल रैछ न्यायधिस ज्यूले सरकारी ओकिललाई १० बर्षभन्दा सानो मुद्दा दर्ता गर्दा विचार पुऱ्याउनु भनेको कुरा मैले सुनेको ठूलो मुद्धा पैसावालाको थियो उच्चमै तुहियो तर लगाएको आरोप पुष्टि भएन । भनेको ४ बषे मुद्दा लिएर सरकारी ओकिल पुनराबेदन सर्वोच्च गयो किनभने त्यो ब्यक्ति घरबार विहिन निर्दोषी थियो अब दोषीलाई कार्वाही हुनैपर्छ ।

दोषीलाई कार्वाही गर्न सबैतिरबाट पहल गरे मेरो देश नेपालमा अमर चयन शुसासन भएको हेर्ने इच्छा सबै नेपालीको छ अहिले दुई तिहाइको सरकार छ जे पनी गर्न सक्छ तर राम्रो गरोस भन्ने हामी सबै नेपालीको चाहना हो मेरो नेपालको रक्षा गर शिव भगवान ।

---

मन जल्दछ ।
सुसेली ३
माया गर्नुछ
आमाबाबा ईश्वर
सेवा गर्नुछ ।

**लिलामाया ढकाल गौतम**
**भोजपुर**
सुसेली १
कोरोना आयो
पृथ्वीले सास फेऱ्यो
गज्जव भयो ।
सुसेली २
राम्रो कार्यले
भगवानको साथ
मिल्छ सधैं नै ।
सुसेली ३
फूल रोपेर
फूलाउ फूल सधैं
रक्षा गरेर ।



**कल्पना देवकोटा**
**गोर्खा**
सुसेली १
गाउँ विकास
पुरै छन् खाली घर
कम निकास
सुसेली २
वनमा पाक्यो
लटरम्मै कन्दमूल्
चरीले डाक्यो ।
सुसेली ३
सौभाग्य पाए
एक्लो नहुनेहरू
स्वतन्त्र भए ।



**पुष्कर अथक रेग्मी**
**पाल्पा**
सुसेली १
कोरोना आयो
संसारमा सबको
लौ सातो खायो ।
सुसेली २
कोरोना बढ्यो
फैलाउन भनी लौ
जहाजै चढ्यो ।
सुसेली ३
कोरोना लाग्यो
राहतको नाममा
लुटेरा जाग्यो ।




**द्वारिका कुईंकेल**
**नुवाकोट**
सुसेली १
ठिक्क पऱ्या छ
यो लकडाउनले
गर्नु गऱ्या छ ।
सुसेली २
हात धोएर
बाहिर नजाउ है
तिमी रोएर ।
सुसेली ३
सुख शान्तिको
आश गर्नु बेकार
बूढो मान्छेको ।



**शिखरनाथ कवि**
**काठमाडौं**
सुसेली १
मेरो परान
मनभित्र बसन
दिन्छु शरण
सुसेली २
लेख लेखन
राम्रा शब्द खोजेर
गरौं सिर्जना
सुसेली ३
बुढो भएसी
हेला गर्छन् सबैले
थला परेसी ।




**सुचिता काफ्ले**
**सुकेधारा , काठमाडौं**
सुसेली १
बज्यो बाँसुरी
आहा बाँसकै धुन
मीठो माधुरी ।
सुसेली २
झऱ्यो पहिरो
पानी पर्दा ठुलै नै
क्षति गहिरो ।
सुसेली ३
कतै देखिन्न
राम्रो मान्छे खोजेर
अब भेटिन्न ।



**सिद्धार्थ देवकोटा 'जिन्दगी'**
**स्याङ्जा**
सुसेली १
खेत बगायो
उर्लि आइछिन् गंगा
आँखा रसायो ।
सुसेली २
आयो कोरोना
महामारी मच्चायो
छिनै भरमा ।
सुसेली ३
मन दुखेछ
तिम्रा ती वचनले
ठेस पुगेछ ।



**विजयीता भण्डारी**
**झापा**
सुसेली १
हिमाल हिउँ
कलकल झरना
सुन्दर दृश्य
सुसेली २
कोरोना आयो
जन्मायो महामारी
संकट छायो ।
सुसेली ३
मन्दिर रोज्ने
बिचित्र छ प्रकृति
भगवान पुज्ने ।



**राधिका पुरी 'सानु'**
**ललितपुर**
सुसेली १
बेलैमा होस
आफ्नै छ गल्तीहरू
धेरै छ दोष ।
सुसेली २
एकै छिनको
स्वार्थी मान्छे भएर
पीर परेको ।
सुसेली ३
धोका खाएको
प्रकृतिलाई मास्दा
रोग लागेको ।



**कमला देवकोटा**
**पाल्पा**
सुसेली १
बसौं घरैमा
विश्व भरका बन्धु
यही कामना ।
सुसेली २
असारे झरी
विल्लीबाठ जनता
बाढी पहिरो ।
सुसेली ३
सगरमाथा
उच्च गाथा बोकेको
हाम्रो गौरव ।



**धरणीधर गुरागाईं**
**झापा**
सुसेली १
कालो कपाल
लामो रैछ सम्हाल
नहोस् बेहाल ।
सुसेली २
पाके ती फल
हैन रैछन् काफल
टिप्ने सफल
सुसेली ३
पानी परेको
भिज्ने चाहा हुन्नथ्यो
व्यर्थै रुझेको ।



**तोयानाथ सुवेदी**
**ओखलढुङ्गा**
सुसेली १
रैछ साधन
गणतन्त्र नेताको
लुट्ने आँगन ।
सुसेली २
ऋण उठाए
हेलिकप्टर किनेर
आफै उडाए ।
सुसेली ३
नेता गुलामी
कुर्सी मन थालेमा
दिल्ली सलामी ।



**कल्पना भुसाल**
**स्याङ्जा**
सुसेली १
गाउँ बगायो
पहिरो गई सबै
सत्रु हँसायो ।
सुसेली २
हरिया डाँडा
मनले भन्छ छोडि
नजाउँ टाढा
सुसेली ३
पानी दर्किन्छ
डुबाउदा ती बस्ती
छाती चर्किन्छ ।



**जानुका थापा रायमाझी**
**तनहुँ**
सुसेली १
चुलो चौकामा
रमाउन पाइन्छ
बेला मौकामा ।
सुसेली २
भीर पाखामा
छोरीको ठाउँ छैन
आमा काखमा
सुसेली ३
दर खाएर
रमाइलो गर्ने हो
गीत गाएर ।



**लक्ष्मीप्रसाद मिश्र**
**लमजुङ**
सुसेली १
भाषा बचाउ
साहित्यको विकास
देशै चिनाउ ।
सुसेली २
कुवा घाँसीको
प्रेरणा पाएकै हुन्
ती गोठालाको ।
सुसेली ३
रक्षा आएको
उपन्यास क्या राम्रो
पढ्न पाएको ।



**दामोदर ढकाल 'दीपक'**
**भोजपुर**
सुसेली १
वन जंगल
शिवजीको कृपाले
सबै मंगल ।
सुसेली २
रुझिन् सुन्दरी
सिमसिम परेको
साउने झरी ।
सुसेली ३
कान्छी सालीले
फसायो भन्दैथिन
पापी जालीले ।



हामीसँग आएका धेरै सुसेली मध्य यो पटक हामीले यति नै समावेश गर्न सक्यौं । आगामी अंकमा अरू क्रमश समेटिँदै जानेछन् । - समाप्त

# रामेछापमा ८ जनाको पीसीआर रिपोर्ट अझै आएन

रामेछाप। रामेछापमा शुक्रबार स्वाब संकलन गरी पीसीआर परीक्षणका लागि पठाइएको सुनापति गाउँपालिकाका ४ र दोरम्बा गाउँपालिकाका ४ जनाको रिपोर्ट आउन बाँकि रहेको स्वास्थ्य कार्यालयले जनाएको छ। यो भन्दा अघि जिल्लामा ५ सय ८ जनाको पीसीआर र ८ सय ९२ जनाको आरडिटी विधिबाट कोरोना परीक्षण गरिएको थियो। यसमध्ये विभिन्न समयमा कोरोना संक्रमण पुष्टि भएका २३ जना कोरोना मुक्त भएर डिस्चार्ज भैसकेका छन् भने ४ सय ८५ जनाको रिपोर्ट नेगेटिभ आएको थियो। स्वास्थ्य कार्यालय रामेछापका निमित्त प्रमुख जितेन्द्र कुमार कर्णका अनुसार अहिलेसम्म जिल्ला अस्पतालमा २६, मन्थली नगरपालिकामा ९३, रामेछाप नगरपालिकामा ५८, उमाकुण्ड गाउँपालिकामा ३२, खाँडादेवी गाउँपालिकामा ३३, गोकुलगंगा गाउँपालिकामा १ सय ५३, दोरम्बा गाउँपालिकामा १६, लिखुतामाकोशी गाउँपालिकामा ९१ र सुनापति गाउँपालिकामा १४ जनाको पीसीआर विधिबाट कोरोना परीक्षण गरिएको छ। यसमध्ये ८ जनाको पीसीआर रिपोर्ट आउन बाँकि रहेको कर्णले बताए। जिल्लाको विभिन्न पालिकाहरुमा अहिले १ जना महिला र ५७ जना पुरुष गरि ५८ जना क्वारेन्टिनमा रहेका छन्। स्वास्थ्य कार्यालय रामेछापका निमित्त प्रमुख कर्णका अनुसार मन्थली नगरपालिकामा १०, रामेछाप नगरपालिकामा १२, खाँडादेवी गाउँपालिकामा ७, गोकुलगंगा गाउँपालिकामा १०, दोरम्बा गाउँपालिकामा ८, लिखुतामाकोशी गाउँपालिकामा ७ र सुनापति गाउँपालिकामा ४ गरी जिल्लाभर ६८ जना क्वारेन्टिनमा रहेको पनि बताए। कोरोना भाइरसबाट आउनसक्ने जोखिमतालाई मध्येनजर गरी जिल्लामा अहिलेसम्म ८९ बेडको आइसोलेशन कक्ष र ५ सय ९ बेडको क्वारेन्टिन कक्ष स्थापना गरिएको स्वास्थ्य कार्यालय रामेछापले जनाएको छ।

## वर्षादको समयमा सतर्कता अपनाउन जिल्ला प्रशासन रामेछापको आग्रह

रामेछाप। आइतबारबाट लगातार ४ दिन वर्षा हुने भएपछि आवश्यक सतर्कता अपनाउन जिल्ला प्रशासन कार्यालय रामेछापले आग्रह गरेको छ। शनिबार साँझ जिल्ला प्रशासन कार्यालय रामेछापका प्रशासकिय अधिकृत राम तथा डुवानबाट जोखिममा रहेका वस्तीका बासिन्दालाई सुरक्षित स्थानमा राख्ने व्यवस्था गर्न स्थानीय तहलाई अनुरोध पनि गरेको छ। प्रशासनले वर्षादको समयमा नदी खोलाको आसपासमा बालबच्चालाई



प्रसाद भट्टराईले एक सूचना प्रकाशन गरी साउन ८ गते बिहीवारसम्म लगातार वर्षा हुने भन्दै आवश्यक सतर्कता अपनाउन आग्रह गरेका हुन्। यो अवधीमा हल्का देखी भारी वर्षा हुने र नदी आसपासका क्षेत्रहरुमा डुवान तथा पहाडी क्षेत्रहरुमा पहिरो तथा बाढी जान सक्ने भएकाले सुरक्षा सर्तकता अपनाउन जिल्लावासीलाई प्रशासनले अनुरोध गरेको हो।

प्रशासनले विपद् सुरक्षा निकायलाई तयारी अवस्थामा राखिएकाले केहि त्यस्ता घटनाहरु घटे तत्काल नजिकैको प्रहरी चौकीमा खबर गर्न ,बाढी पहिरो नछोड्न,बाढी पहिरोबाट हुनसक्ने सडक अवरुद्ध हटाउन उद्धार उपकरण तयारी अवस्थामा राख्न ,विपद् प्रभावित क्षेत्रहरुमा यातायत , विद्युत , खानेपानी र सञ्चार लगायत अत्यावश्यक सेवा सुचारु राख्न पनि आग्रह गरेको छ। जिल्लाका सबै स्थानीय तह, रेडक्रस , गैरसरकारी संस्था ,निजी क्षेत्र तथा विषयगत कार्यालयहरुलाई आआफ्नो स्थानबाट सहोग गर्न , आपतकालिन अवस्थामा प्रहरी सञ्चार १०० , स्थानीय तह,जिल्ला प्रहरी कार्यालय तथा जिल्ला प्रशासन कार्यालयमा सम्पर्क गर्न पनि अनुरोध गरेको छ।

## दोरम्बा गाउँपालिका गुन्सालमा निर्माणाधिन एकीकृत नमुना बस्ती निर्माणको ८० प्रतिशत काम पुरा

रामेछाप। रामेछाप जिल्लाको दोरम्बा गाउँपालिका वडा नं ५ गुन्सालमा निर्माणाधिन एकीकृत नमुना बस्तीको निर्माण कार्य ८० प्रतिशत सम्पन्न भएको छ। अहिले स्थानीय सेती देबि जनजागृती युवा समाजको अगुवाइमा एकीकृत नमुना बस्ती निर्माण कार्य तिब्र गतिमा अगाडि बढिरहेको हो। बि.स २०७२ साल बैशाख १२ , १३ र २९ गते आएको विनाशकारी भूकम्पका कारण क्षेती भएका ३० घरको एकीकृत नमुना वस्ती निर्माणको काम हालसम्म ८० प्रतिशत पुरा भएको सेती देबि जनजागृती युवा समाजका अध्यक्ष प्रज्वल श्रेष्ठले जानकारी दिए। उनले दशैंसम्म एकीकृत नमुना बस्तीको सबै काम पुरा गर्ने लक्ष्यका साथ काम भैरहेको बताए। उक्त नमुना बस्ती निर्माणका लागि राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले १ करोड २० लाख रुपैया उपलब्ध गराएको हो। राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले उपलब्ध गराएको रकम तत्काल सकिने अवस्था रहेकाले अबको काम संचालन गर्न निकै चुनौती रहेको अध्यक्ष श्रेष्ठले बताए। उनले पुर्वाधार विकासका लागि विनियोजित उक्त रकमले बस्तीमा सडक , नाला बनाउँने ,खानेपानीको व्यवस्थापन , गार्डेन र चिल्डेन पार्क निर्माण भैरहेको बताए।


## आयुर्वेदिक उपचारको पहिलो रोजाइ
## विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

*हाम्रा सेवाहरु*

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा , डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्बलता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकबाट सफल उपचार गरिन्छ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ। गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

## विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

**लाइन्स चोक, नारायणगढ, चितवन**

सम्पर्क पैशा नलाग्ने टोल फ्रि नं. १६६०५६५८०००

फोन न. ०५६ : ५७०४६८

फोनबाट पनि नाम दर्ता गर्न सकिने छ।



## जात, जातिका आधारमा जातीय सर्वोच्चता वा घृणाका आधारमा आधारित विचारको प्रचार/प्रसार गर्ने, कुनै पनि व्यक्तिलाई श्रममा लगाउन इन्कार गर्ने, श्रमबाट निष्काशन गर्ने, अपमानजनक शब्द प्रयोग गर्ने वा गर्न गराउनबाट उक्साउने कार्य समेत गर्नु गराउनु हुँदैन। त्यस्ता कार्य भए गरेमा कानुनले तोके बमोजिमको दण्ड सजाय हुने छ।

नेपाल सरकार

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

## सूचना तथा प्रसारण विभाग


# अन्तराष्ट्रिय समाचार

## जर्मन चान्सलरको चेतावनी

कोरोनाभाइरसबाट थलिएको युरोपेली अर्थतन्त्र उकास्न अघि सारिएको एउटा विशाल आर्थिक उद्धार प्याकेजमा युरोपेली युनियनका नेताहरूबीच सहमति हुने सम्भावना कमजोर हुँदै गएको जर्मन चान्सलर एन्जेला मर्केलले बताउनुभएको छ। युरोपेली युनियनमा आबद्ध २७ वटा मुलुकका सरकार प्रमुखहरू यतिबेला युनियनको मुख्यालय ब्रसेल्समा तीन दिनदेखि सम्भावित आर्थिक प्याकेजमा सहमति जुटाउन वार्तामा छन्। दुई दिनदेखिको वार्तामा नेताहरूले सम्भावित प्याकेजको आकार र नियममाथि छलफल गरिरहेका छन्, तर यसमा सहमति जुट्न सकेको छैन। युरोपेली युनियनभित्र सबैभन्दा ठूलो अर्थतन्त्र रहेको जर्मनीकी चान्सलर मर्केलले युरोपेली नेताहरूबीच सहमति जुटाउन तीन दिनभन्दा बढीको वार्ता आवश्यक नदेखिएको विचार व्यक्त गर्नु भएको छ। उहाँले युरोपेली मुलुकका नेताहरूबीच अझै पनि धेरै कुरामा मतान्तर रहेको बताउनुभयो। म अहिल्यै कुनै समाधान निस्केला भन्नेमा विश्वस्त छैन, चान्सलर मर्केलले भन्नुभयो, वार्ताप्रति सबैको ठूलै सदभाव छ, तर कुनै निश्कर्ष निस्कन्छ भन्नेमा मलाई विश्वास छैन। जर्मन चान्सलरको विचारप्रति फ्रान्सेली राष्ट्रपति इमानुएल म्यौंक्रो र शिखर बैठकका आयोजक युरोपेली परिषदका अध्यक्ष चार्ल्स मिसेलले समर्थन जनाउनु भएको छ। जर्मनी, फ्रान्स र परिषदले तयार पारेको नयाँ प्रस्तावमा नेदरल्याण्ड्सका प्रधानमन्त्री मार्क रूट समेतका पाँच सदस्य मुलुकले विमती राख्नु भएपछि वार्ता लम्बिएको हो। नेदरल्यान्ड्सले सदस्य राष्ट्रहरूले श्रम बजार सुधारको सुनिश्चित गरून् भन्ने चाहेको छ भने अस्ट्रिया, फिनल्याण्ड, डेनमार्क र स्वीडेनले ७५० अर्ब युरोसम्मको ऋण र अनुदान कटौती गर्ने प्रस्ताव गरेका छन्। युनियनका सर्वाधिक शक्तिशाली मुलुकहरू जर्मनी र फ्रान्सले कोरोनाभाइरसबाट सर्वाधिक असर परेका मुलुकको आर्थिक उत्थानका लागि अघि सारेको प्रस्तावलाई युनियनकै एउटा समूहले विरोध गरेको छ। यसमा विरोध गर्नेमा मुख्य रूपमा स्पेन र इटाली रहेका छन्। फ्रान्सेली राष्ट्रपति म्यौंक्रोले समग्र युरोप नै भाइरस र यसको प्रसार रोक्न गरिएका लकडाउनले गम्भीर आर्थिक मन्दीको अवस्थामा पुगेको भन्दै कुनै सम्झौता हुन सक्नेमा आफू अझै आशावादी रहेको बताउनुभयो। तर उहाँले युरोपेली आकाँक्षालाई दाउमा राखेर कुनै सम्झौता हुन नसक्ने स्पष्ट गर्नुभयो। उहाँले हामी स्वास्थ्य, आर्थिक र सामाजिक क्षेत्रमा अभूतपूर्व संकटको सामना गरिरहेको विषम परिस्थितिमा युरोपेली मुलुकहरूबीच अझ बढी सुदृढ एकता चाहिएको छ भन्नुभयो। युनियनका अध्यक्ष मिसेलले सबैलाई मान्य हुने सम्झौता तयार पार्न आइतबार रातभर काम गर्नु भएको थियो। एक फ्रान्सेली कूटनीतिक स्रोतले म्यौंक्रो र मर्केलले प्याकेजमा व्यवस्थित अनुदानको रकमलाई ४०० अर्ब युरोभन्दा कम गर्ने नेदरल्याण्ड्सका प्रधानमन्त्री रूट र उहाँका सहयोगीहरूको दबावलाई अस्वीकार गर्नु भएको छ। युरोपेली नेताहरूले कोरोनाभाइरसबाट सर्वाधिक असर पारेका मुलुकहरूमा तत्काल नगद पठाउने एउटा योजना स्वीकृत गर्न कोशिस गर्दैछन्। विशेषगरी यो रकम स्पेन र इटालीलाई सर्वाधिक बढी जरूरी छ। नेदरल्याण्ड्सले युनियनका अध्यक्ष मिसेलको योजनाको प्रारम्भिक प्रस्तावलाई अस्वीकार गरेको छ किनकि नेदरल्याण्ड्सको विचारमा युनियनले ऋणको साटो बढी अनुदान दिएको बताउँदै आएको छ। अनुदान बढी प्राप्त गर्ने सम्भावित स्पेन, इटाली समेतका कतिपय मुलुकको सुशासनको स्तर कमजोर रहेको नेदरल्याण्ड्सको भनाइ छ।

## अफगानिस्तानमा जिल्ला प्रहरी प्रमुखसहित चार प्रहरी मारिए

अफगानिस्तानमा भएको बम विस्फोटनमा परी जिल्ला प्रहरी प्रमुखसहित चार प्रहरी मारिएका छन्। देशको पाक्तिका प्रान्तमा पर्ने सारोबीमा शनिबार राति घटना भएको अधिकारीहरुले आइतबार जानकारी दिएका छन्। प्रान्तीय प्रहरी प्रवक्ताशाह मोहम्मद अरिनले सिन्ह्वालाई भन्नुभयो, सारोबीका जिल्ला प्रहरी प्रमुख डार्या खान तलाश र अन्य तीन जना प्रहरीको शनिबार राती भएको विस्फोटनको घटनामा परी मृत्यु भएको छ। उहाँका अनुसार विस्फोटनमा परेर प्रहरीले प्रयोग गरेको एउटा सवारी साधन पनि ध्वस्त भएको छ। प्रहरी अधिकारीहरुले आफनो जिम्मेवारी निर्वाह गर्नेक्रममा दुर्घटनामा परेको उहाँको भनाइ छ।

## सिरियामा २५० सीटका लागि निर्वाचन

सिरियामा संसदीय निर्वाचनका लागि आइतबार मतदान भएको छ। राष्ट्रपति बसर अल असद र उहाँकी पत्नी आस्मा सँगै दमास्कसस्थित राष्ट्रपतिमामिला मन्त्रालयमा रहेका एउटा मतदान केन्द्रबाट भोट खसाल्नुभएको सिरियाली सञ्चारमाध्यमले जनाएका छन्। देशभरबाट कूल २५० सदस्य छानिने संसदीय निर्वाचनमा कूल एक हजार ६५६ उम्मेदवारले भाग लिएका छन्। देशका सात हजार २७७ मत केन्द्रमा मतदानका लागि सिरियाली नागरिक हातमा सेता पञ्जा र मुखमा मास्क लगाएर मतदानका लागि लामबद्ध भै आफ्ना प्रतिनिधिलाई पालो अनुसार मतदान गरेका छन्।


## जलदेवी सामुदायिक वनको आकर्षण




*जिप लाइन*

**आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र जिप लाइन तपाईहरुको सेवामा समर्पित छ। घुमौं मजा लिऔं, पर्यटन वर्ष २०२० लाई साकार गरौं।**

*आकर्षणहरु*

**१. एउटा तारमा झुण्डिएर स्पिडमा एउटा रुखबाट अर्को रुखमा पुग्ने,**
**२.भर्खरका युवा युवतीले प्रयोग गर्न सक्ने र चुडीने भन्ने प्रश्न नै नआउने**
**३. पार्कमा पिकनिकको व्यवस्था भएको,**
**४. अन्य साहसिक खेलका साथै मनोरञ्जन दिने विभिन्न इभेन्ट।**

# सर्जकलाई नजिकबाट नियाल्दा



दामोदर ढकाल 'दीपक'

लक्ष्मीप्रसाद मिश्रको नाम लिनासाथ सुमधुर स्वरका धनी, अत्यन्त सहयोगी भावनाका धनी, सबैको मनमा बस्नसक्ने कुनै वादभन्दा अलग्गै बसेर साहित्य सिर्जना गर्नै होनहार प्रतिभाको रूपमा चिनिन्छ । उहाँले मञ्चमा उभिएर जब सवाई छन्दका कविताहरु गाउनुहुन्छ , सबैको ध्यान उहाँप्रति आकृष्ट हुन्छ र तालीको लय सिर्जना हुन्छ । कोरोना आतङ्क लकडाउन बन्दाबन्दीमा उहाँसँग भिडियोकल मार्फत करिब एक घण्टा मैले केही जीवनका कुरा, केही अनुभव र अनुभूतिका कुरा अनि केही साहित्यका बारेमा कुराकानी गरेको छु । तीनै कुराकानीका आधारमा उहाँलाई नियाल्ने प्रयत्न गरिरहेको छु ।

२०१९ साल जेठ सत्र गतेका दिन पिता महदत्त मिश्र र माता विष्णुमाया मिश्रको कोखवाट चौथो (जुम्ल्याहा) पुत्ररत्नको रूपमा उहाँको जन्म भएको हो । जमजुङ जिल्लाको सुन्दरबजार नगरपालिका वडा नम्बर सातमा उहाँको जन्म भएको हो र सोही स्थानमा हाल पनि उहाँ स्थायी बसोबास गर्दै आउनु भएको छ । आमालाई अत्यन्त श्रद्धा र सेवा गर्ने लक्ष्मीप्रसाद मिश्रले खाँदै गरेको जागिर समेत छोडेर आमाको सेवाको निमित्त घर जानुभई आमाको सेवा गरिरहनु भएको कुरा उहाँलाई चिन्ने बुझ्ने सबैलाई थाहा छ । प्यारालाइसिसले थलिएकी वृद्ध आमालाई खुवाउने पियाउने , नुहाइदिने आदि सबै कार्य उहाँले गरिरहनु भएको छ । स्थानिय बासिन्दाहरूको भनाईमा उहाँ कलियुगमा जन्मेको श्रवणकुमार हो भनेर भन्ने गर्छन् । आमालाई र राष्ट्रलाई जसले सदैव सेवा गर्न सक्छ ऊ मात्र सच्चा छोरा हो । यसर्थ सीमित सच्चा छोरा मध्ये लक्ष्मीप्रसाद मिश्र एक सच्चा छोरो हुनुहुन्छ । म उहाँलाई हार्दिक सलाम अर्पण गर्दछु ।

उहाँको बाल्यावस्था गाई बाख्रा हेरेर नै बित्यो । मर्स्यादीको किनारमा घाँस काटेर, बरिपरिका वनमा सेउला काटेर , खेतीबारीमा कोदाली चलाएर । गाउँका आफना दौतरीसँग उहाँले पुरानो मोजाको बल खेलेर । कपर्दी र डण्डिवियो खेलेर । नजिकैको पाउदी खोलाको असारे रहमा पौडी खेलेर । अनि मर्स्यासङी नदीमा पौडी खेलेर वारपार पनि गरेर । उहाँ पौडी खेल्न सानैदेखि इच्छा राख्ने र खुब सिपालु भएको कुरा बताउदा आफूले पौडी खेल्न नजाने पनि खुब चाख लिएर सुनैं । हुन त खोला र नदीका छेउमा जन्मेका मान्छेलाई पानीले चिन्छ र माया गर्छ । अधिंकाश खोला र नदी नजिक भएका मान्छेहरु सानैबेलादेखि पौडी खेल्न सिपालु हुन्छन् र उहाँले पौडी खेल्न सिद्धता प्राप्त गर्नुभयो । मान्छेले जीवनमा दुईटा कुरा एकपटक सिकेपछि हत्तपत्त भुल्दैन रे त्यो हो साइकिल चलाउन जानेपछि साइकल चलाउन र पौडी खेल्न जानेपछि पौडी खेल्न भुल्दैन रे । हुन त उहाँ पौडी खेल्न जस्तै साइकल चलाउन पनि उत्तिकै सिपालु हुनुहुन्छ ।

उहाँ १३ वर्षको उमेरमा बल्ल पढ्न विद्यालय जानु भएको रहेछ । १३ वर्षको उमेरमा भाषा पाठशालाबाट उहाँले कखरा सिक्नु भयो । त्यहाँ उहाँहरूलाई शिक्षा दिने एक मात्र गुरू टिकादेव कडेल हुनुहुन्थ्यो । जुन हात भानु नगर पालिका १० तनहुँमा पर्छ । उहाँले त्यहाँ दुई हप्ता शिशु कक्षामा पढेपछि एकै चोकी कक्षा एकमा जानु भयो । कक्षा एकको अर्धवार्षिक र वार्षिक दुबै परिक्षामा उहाँ प्रथम हुनुभयो । उक्त विद्यालयमा दुई कक्षा र तीन कक्षामा एकै स्थानमा पढाई हुन्थ्यो । उहाँले त्यतिबेलै ३ कक्षाका विद्यार्थीहरूलाई म्याथ पढाउनुहुन्थ्यो । उहाँले तीन कक्षा पनि प्रथम स्थान हासिल गर्नुभयो । जुन भाषा पाठशाला अहिले तोक मावीमा परिणत भएको छ ।




त्यसपछि करिब डेडघण्टा पैदल हिँडेर उहाँ त्रिभुवन माध्यामिक विद्यालय मानेचौका तनहुँमा जानुभयो । भाष पाठशालाका प्राचार्यले उहाँको तिष्ण प्रतिभा देखेर त्यहाँका प्रधानाध्यापक जो पूर्व मन्त्री पनि हुनुभयो गोविन्दराज जोशीलाई लक्ष्मीप्रसाद मिश्र प्रतिभाशाली र मेहनती भएको हुनाले एकैपटक पाँच कक्षामा राखेर पढाउनुहोला भनेर चिठी नै लेखिदिनु भएको थियो । उहाँले त्यही चिठीको आधारमा पाँच कक्षामा भर्ना पाउनुभयो र पढ्न थाल्नुभयो । उहाँले सोही विद्यालयबाट २०३६ सालमा एस.एल .सीको परिक्षा दिनुभयो ।

२०३७ सालमा तत्कालिन शाही नेपाली सेना हाल नेपाली सेनामा उहाँ भर्ना हुनुभयो । राष्ट्रको सेवक बनेर उहाँले अब तालिम लिन थाल्नु भयो । सेनाको जागिर खाएको ४ वर्ष पछाडि २४ वर्षको उमेरमा उहाँले भरतपुर न.पा. ६मा बसोबास गर्ने लिलाधर ढकाल र गौरादेवी ढकालकी माइली छोरी पदम कुमारी ढकाल सँग मागी विवाह गर्नुभयो । उहाँहरूका रेनु मिश्र (अधिकारी), संजय मिश्र, मेनु मिश्र (अधिकारी)गरेर दुई छोरी एक छोराको जायजन्म भएको छ । छोरीहरूको बिवाह भइसकेको छ र छोरो वैदेशिक रोजगारको क्रममा मूलुक बाहिर हुनुहुन्छ ।

उहाँले नेपाली सेनामा कार्यरत रहँदा मूलकका विभिन्न भाग र मुलुक बाहिर शान्ति मिशनको लागि लेबलान समेत पुग्नुभएको छ । सामूहिक बसाइ र साथीभाइहरूसँगको घुलमिलमा जीवनको जवानी बिताउनु भएका मिश्रले २०५४ सालमा नेपालीसेनाको जागिरबाट पेन्सनमा रिटार्यड हुनुभयो ।

रिटायर्ड हुनासाथ उहाँले चार वर्षसम्म राष्ट्रिय बायोग्यास कम्पनीमा प्राविधिक पदमा अस्थायी जागिर खान थाल्नुभयो । पुनः चारवर्ष पछाडि उहाँलाई नेपालको कमाई चित्त बुझेन वा धेरै कमाउन इच्छा जाग्यो र उहाँ वैदेशिक रोजगारी लागि मलेसिया युनाइटेड प्लानटेसन सेक्यूरेटी गार्डको काममा जानु भयो त्यहाँ महिनाको चालिस हजारजति कमाउनुहुन्थ्यो । उहाँलाई धेरै वर्ष विदेशमा बस्न मनलागेन करिव साढे पाँचवर्ष पछि उहाँ स्वदेश फर्कनुभयो ।

२०६३ सालमा उहाँले काठमाडौँ सेक्युरेटी सर्भिसमा ज्वाइन्ट हुनुभयो । उक्त संस्थामा कार्यरत रहदा उहाँ माछापुच्छे र नविल बैंक जस्ता बैंकको सेक्युरेटी गार्ड भएको बखत उहाँलाई दिब्य ज्ञान प्राप्त भयो र लेखेका कवितालाई सुरक्षित राख्न थाल्नुभयो र विभिन्न कवि गोष्ठीहरूमा समेत भाग लिन थाल्नुभयो । आर्मीले गर्ने विभिन्न कार्यक्रममा तत्कालै लेखेर वाचन गर्ने र साथीभाइ माझ मात्र सुनाउने उहाँको कला अब प्रस्फुटन हुन थाल्यो , साहित्यिक कार्यक्रम हरूमा दर्बिलो उपस्थिति देखाउन थाल्नुभयो । सबैले उहाँका कविताहरु मनपराउन थाले । कवि गोष्ठीहरूमा लक्ष्मीप्रसाद मिश्रलाई खोज्न थाले , फोन कल र म्यासेन्जर मार्फत उहाँलाई निमन्त्रण गर्न थाले ।

उहाँले सेक्युरेटी सर्भिसबाट जागिर छोड्नु भयो र नागार्जुन टेलिभिजनमा मार्केटिङको काम शुरू गर्नुभयो पछि उक्त टेलिभिजन मेघा टेलिभिजनमा गाभियो र उहाँ मेघा टेलिभिजनमा कार्यरत रहनुभयो । मेघा टेलिभिजनमा कार्यरत रहँदा नै उहाँको 'रातो बाकस' कृति प्रकाशीत भयो । रातो बाकस कृति निस्केको केही समय पश्चात आमालाई रोगले बेस्सरी च्याप्न थाल्यो । तसर्थ उहाँले मेघा टेलिभिजनको जागिर छाडेर उहाँ लमजुङ घर जानु भयो । जन्मदिने आमाको सेवा गर्न ।

उहाँ लमजुङ गएर पनि साहित्यबाट टाढा हुनुभएन लमजुङका स्थानिय साहित्यिक कार्यक्रमदेखि तनुहँमा हुने कार्यक्रममा पनि उहाँले सहभागिता जनाउन थाल्नुभयो । उहाँले जमजुङ बस्दै 'नशामा डुबेको जीवन' खण्डकाब्य निकाल्नुभयो । जुन पुस्तकको विमोचन सुन्दर बजार महोत्सबको अवसर पारेर मुख्यमन्त्री पृथ्वी शुब्बा गुरूङको हातबाट विमोचन गराउनु भयो । उक्त पुस्तक यति चर्चित भयो प्रकाशीत भएको केही समयमै सम्पूर्ण पुस्तक बिक्री वितरण भयो । उक्त पुस्तकले गौरी पब्लिकबाट दिइने उत्कृष्ट वर्ष पुस्तक २०७५ प्राप्त गऱ्यो ।

उहाँको लेखन यात्रा रोकिएन । उहाँले पेटारोभित्रको लोक सुसेली कविता सङ्ग्रह प्रकाशन गर्नुभयो । त्यो निस्केको केही समय पश्चात लमजुङको उपहार बाल कविता सङ्ग्रह र होशियार बाल कथा सङ्ग्रह पनि प्रकाशित गरिसक्नुभएको छ । हाल उहाँ एउटा सुसेली सङ्ग्रह र एउटा कविता सङ्ग्रहको प्रकाशनको तयारीमा हुनुहुन्छ । कर्मदा सिर्जना मञ्चको उपाध्यक्ष रहनुभएका मिश्र ज्यूसँग गरिएको साहित्यिक भलाकुसारी अब प्रस्तुत गर्न गइरहेको छु ।

तपाईंलाई साहित्यको कुन विधा मनपर्छ ?

मलाई साहित्यका हरेक विधा मनपर्छन । यसमा पनि लोकलयमा लेखिएका कविताहरु लोकछन्दका कविताहरु अत्यन्त मनपर्छ ।

साहित्य भनेको के हो ?

साहित्य भनेको बुलन्द आवाज हो । यसले राज्यमा अन्यायमा परेका व्यक्तिको आवाजलाई उजागर गर्छ । प्रकृतिको सोन्दर्यलाई कलात्मक ढंगले अझ सुन्दर बनाउँछ । यति मात्र नभएर समाजको संस्कृति ,कला र गाथा व्याथालाई पनि समाजसामु ल्याउँछ । सन्देशमूल आवाज नै साहित्य हो ।

साहित्य किन र के का लागि लेख्नुहुन्छ ?

म साहित्य समाजमा अन्याय र अत्याचारको विरूद्ध, जन चेतना जगाउने उद्देश्यले लेख्छु ।

नेपाली साहित्यको विकास र बिस्तारका लागि के गर्नुपर्छ ?

नेपाली साहित्यको साँच्चिकै विकास र बिस्तार गर्ने हो भने व्यक्तिगत प्रयाशले मात्र यो सम्भव छैन् । यसको निमित्त राज्यको तर्फबाट सर्जकहरूका पुस्तकहरु प्रकाशित गर्ने, बिक्रि वितरण गर्ने । लेखकहरूलाई उचित पारिश्रमीक दिएर पूर्णकालिन लेखक बनाउने । साहित्यको अध्ययन र अनुसन्धान कार्यका लेखकहरूलाई आबध्द गर्ने । ई-लाइबेरी मार्फत विश्वभरि नेपाली साहित्यका पुस्तक राख्ने र प्रचार प्रसार गर्ने । यति गरेको खण्डमा नेपाली साहित्यको विकास र बिस्तार गर्न सकिन्छ ।

साहित्य मार्फत समाजसेवा गर्न सकिन्छ ?

सकिन्छ ! समाजलाई सकारात्कमक शन्देश दिने गीत कविता बनाएर विभिन्न माध्यमबाट प्रचार प्रसार गरि समाजलाई सही र उन्नत बाटोमा लैजान सकिन्छ । जनतालाई सिर्जना मार्फत सुसूचित र आब्हान गर्न सकिन्छ । गलज बाटोमा गएको सिङ्गो समाजलाई जनचेतना जगाई सहि बाटोमा ल्याउन सकिन्छ , यसर्थ साहित्य मार्फत सबैभन्दा प्रवाभकारी किसिमले समाजसेवा गर्न सकिन्छ ।

तपाईंलाई लेख्नै पर्ने कृति के लागेको छ ?

समाज परिवर्तन गर्नसक्ने पुस्तकहरू धेरै लेख्न मनलागेको छ ।

जस्तै समाजमा हाल सम्म विद्यमान छाउपढी प्रथा, बोक्सी प्रथा जस्ता कुकृत्य हटाउने खालका सिर्जना ,यसरी नै धनी र गरिब बीचको खाडल पुर्ने किसिमका सिर्जना र त्यसैगरि जातिय, भेगिय र वर्गिय असमानताका कुराहरूलाई लिएर समाज परिवर्तन गर्नसक्ने किसिमका सिर्जनाहरू र मेरो आफनै जीवनलाई आत्ममूल्यांकन गर्दै आत्मकथा लेख्न मन लागेको छ ।

अस्तु !

## हराएको १५० दिनपछि मानव कङ्काल सार्वजनिक

जिल्ला प्रहरी कार्यालय सुर्खेतले विसं २०७६ फागुन १० गते हराएका बराहताल गाउँपालिका-१ सुर्खेत सम्मेनीका ३१ वर्षीय शिवराम रानाको मानव कङ्काल सार्वजनिक गरेको छ। हराएको करिब १५० दिनपछि रानाको कङ्काल प्रहरीले आइतबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको हो। रानाको पत्नी मनरुपा रानाले गत फागुनमा हराएका उनलाई बेपत्ता पारिएको भनी गत असार १६ गते सोही वडावासी ३१ वर्षीय यामबहादुर सम्सेली र ३० वर्षीय सूर्यबहादुर वलीविरुद्ध प्रहरीमा किटानी जाहेरीपश्चात् उनीहरुलाई अनुसन्धानका लागि पक्राउ गरी अनुसन्धान थालिएको कार्यालयका प्रमुख प्रहरी उपरीक्षक राजेन्द्रप्रसाद भट्टले जानकारी दिनुभयो।

अनुसन्धानको क्रममा जिप्रका प्रहरी निरीक्षक गोपाल रायमाझी नेतृत्वको टोलीले गत असार ३१ गते ठाकुरबाबा नगरपालिका-१ बर्दिया राष्ट्रिय निकुञ्जस्थित पाँडे खोलामा रानाको कङ्काल फेला पारेको प्रहरी उपरीक्षक भट्टले जानकारी दिनुभयो। उहाँका अनुसार उक्त कङ्काल शिवरामकै हो भनी मृतककी पत्नी मनरुपा राना र बुबाले सनाखत गरेपछि यही साउन २ गते उनीहरु विरुद्ध कर्तव्य ज्यानमा किटानी जाहेरी दिएपछि त्यहीअनुरुप अनुसन्धानको कारवाही अगाडि बढेको छ। प्रहरीले बर्दिया राष्ट्रिय निकुञ्जस्थित पाँडेखोलाबाट एक थान एक नाले भरुवा बन्दुक, दुई थान मृतक शिवरामको टाउकाको खप्पर मानव कङ्काल, एक थान खुट्टाको हड्डी, दुई थान हातको हड्डी, एक थान कलो सल्याक्स, खैरो कालो रङको एक थान झोला फेला पारेको थियो।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४–०६५ गो.हु.का. द.नं. १२/०७५/०७६


# सुसेलीको अभियानमा साहित्यकारहरू

नेपाली काव्य परम्परामा लयात्मक सिर्जनाहरूको बाहुल्य रहेको छ। यिनै लय समात्दै साहित्यका विभिन्न विधाहरू सिर्जना गरिएका छन्। भौगौलिक विविधतासँगै विभिन्न लयमा सिर्जनाहरू वाचन गरिन्छन्। हाम्रा भजन, चुट्का र लोकगीतहरू यसैका ज्वलन्त उदाहरण हुन्। ५, ७, ५ शब्दलाई सूत्र मान्दै धेरै वर्षपहिलेदेखि नै धेरै रचना सिर्जना गरिएर गाइएका छन् भट्याइएका छन्। तर त्यही शब्द सूत्रमा जापानी भाषाको लघु कविता हाइकु बन्दोरहेछ। हाइकु चीनबाट जापान गएर विकसित भएको लघु कविताको रूप भएको मान्यता पनि कहीँ कतै उल्लेख पाइन्छ। यसर्थ चीन नेपालको छिमेकी राष्ट्र हो। छिमेकी राष्ट्र भएको नाताले नेपालबाट चीन हुँदै जापान गएको अनुमान लगाउन धेरै गाह्रो छैन। यसर्थ हामीले ५, ७, ५ संरचनामा लेखिने र लोक भाकामा मज्जाले गाउन सकिने सिर्जनालाई सुसेली नामकरण गरी अभ्यासमा जुटेका छौँ। यो शब्दसूत्रमा सर्वप्रथम गायन गर्ने जस आदरणीय साहित्यकार तेजप्रकाश बानियाँलाई जान्छ। तर त्यो कोठामा सीमित रहेको थियो। यसलाई मञ्चमा लगेर फस्टाउने कार्य आदरणीय साहित्यकार दुर्गा भमरकोटेले गरिरहनुभएको छ। यो शब्द सूत्रमा लेख्न र गायन गर्न अत्यन्त सजिलो भएको कारण आगामी दिनमा यसलाई प्रत्येक साहित्यकारहरू आफ्नो सिर्जनाको विषय बनाउनुहुनेछ र सिर्जनामा तल्लीन हुनुहुनेछ। यसका संस्थापक आदरणीय साहित्यकार तेजप्रकाश बानियाँ र दुर्गा अधिकारी भमरकोटेलाई विशेष धन्यवाद दिँदै यस सम्बन्धी उहाँहरूको विचार र सुसेलीहरू यहाँ प्रस्तुत गरिन्छ। हार्दिक शुभकामना

**डा. शैलेन्दुप्रकाश नेपाल**

नेपाली कविता फाँटमा सुसेली नयाँ अनुहार लिएर मुस्काउँदै छ। जापानी प्रविधिको हाइकुकै शैलीमा अनुप्रासमय भाषामा गायनलाई सहजीकरण गर्दै प्रस्फुटित हुन थालेको सुसेलीले नेपाली भाका लिँदै छ। जसरी जापानी मित्रहरूले हाम्रो पैयुँलाई दुई सय वर्षअगाडि जापान भित्र्याएर साकुरा (चेरी) मा नवीकरण गरे त्यसैगरी जापानी हाइकुलाई केही दशकअगाडि हामीले भित्र्यायौँ र अब सुसेलीका रूपमा नवीकरण गर्दै छौँ। यो अन्यन्त सुखद सन्दर्भ हो। हार्दिक शुभकामना।

डा. शैलेन्दुप्रकाश नेपालका केही सुसेलीहरू



सुसेली १
पानी धमिलो
माछा मार्न तम्सिँदा
मनै अमिलो।
सुसेली २
जुके पोखरी
माछा मार्न आत्तियो
रित्तो टोकरी।
सुसेली ३
कथा कविता
लेखौँ लेखौँ साथी हो !
हेरी रमिता।

**तेजप्रकाश बानियाँको सुसेलीमा आफ्नो भनाइ**

सुसेली हङ्गामा

सुसेली नेपाली लोकधुन , लोकगीत , लोकलय भने जस्तै हो। विना यन्त्र मुखलाई गोलो पारी बीचको प्वालबाट सास बाहिर फ्याँकेर निकालिने सुरिलो र मीठो धून हो सुसेली। यो परापूर्व कालदेखि गाँउ बेंसी , उकाली ओराली गर्दा अझ विशेष गरी गोठालो जाँदा किशोर अवस्थाका पुरुषहरूले निकाल्ने धून हो। यसमा निपुर्ण व्यक्तिले मुरलीको जस्तै आवाज निकालेर आफ्नो कथा, व्यथा, पिरमर्का, हाँसो ठट्टा आदि व्यक्त गर्ने चलन गाउँघरतिर अझ पनि छँदै छ। मेरो जन्मथलो भमरकोटमा गोपाल परियारका बाबुले मुरलीको आवाजले सुसेली गाउने हुनाले 'अरूले मुरली बजाएको र गोपेको बाबुले सुसेलेको' भन्ने उखान बन्यो र काभ्रे जिल्लामा त्यो प्रचलित भएर अझ पनि छँदै छ। तर यो लेखमा समग्र लोकलयको प्रतिनिधित्वका लागि सुसेली शब्द प्रयोग गर्दै छौ।

जापानी साहित्यको १७ अक्षरको त्रिपदी हाइकु नेपालीहरूलाई मनपर्दै गएको परिपेक्ष्यमा हाम्रो लोकलयमा कसरी हाइकुलाई ढाल्न सकिन्छ भन्ने सोचेर दुर्गा अधिकारी र म दुईजना भमरकोटे भएर खोज्दै जाँदा हाम्रो पौराणिक लोकगीत र भजनहरूमा पनि सत्र अक्षरको त्रिपदीय हाइकुसँग मेल खाने देखिएको हुँदा बरु नेपालबाट सुरु भएर चीन हुँदै जापान गएको हो कि भने जस्तो पनि लाग्यो। हाइकुको विषयमा अझ भन्नुपर्दा हिन्दु धर्मको अति प्राचीन वाङ्मय वेदमा पनि हाइकुसँग मेल खाने १७ अक्षरको त्रिपदी छ भन्ने फेला परेको हुँदा संस्कृतविज्ञ विद्वान्ले समेत बताउनु भएको छ। यसरी दुईजना भमरकोटेको प्रयासबाट सुरु गरिएको नेपाली लोकलयको शुभ नामकरण हुँदा दामोदर ढकालबाट 'सुसेली' नाम जुरेको हो। अचेल यो धेरैको प्यारो भएर लोक सुसेली हङ्गामा मच्चिएको छ।

उहाँद्वारा रचित तीन सुसेलीहरू




सुसेली १
हाम्रो नेपाल
छिमेकिको कपाल
राम्रो सम्हाल
सुसेली २
देश भक्तिको
नारा मात्र हुनेभो
बाम शक्तिको
सुसेली ३
के के गर्ने हो
ठूलो शक्ति भए नि
लड्नै पर्ने भो।

**दुर्गा अधिकारी भमरकोटेको सुसेली सम्बन्धी धारणा**

सुसेली:



सुसेली तपाई हामीहरू माझबाट जन्म लिएको एउटा विधा हो। जब हामीहरूले ५, ७, ५ को त्रिपदीय नेपाली लोकलय तथा भाकामा नेपाली पनमा सिर्जना , वाचन तथा गायन गरिरहेका छौं भने यसलाई किन विदेशी नामबाट रचना वा वाचन गर्ने ? आफ्नो मौलिक , पौराणिक तथा ऐतिहासिक लोकलयमा आधारित आफ्नै नाम किन नदिने ? यिनै प्रश्नहरूको जवाफमा 'सुसेली' को जन्म भएको हो।

यो विधामा अरु कुनै विधाका नियमहरू लागु हुँदैनन्। सिर्फ पहिलो हरफ पाँच अक्षरमा , दोस्रो हरफ सात अक्षरमा र तेस्रो हरफ पाँच अक्षरमा (५,७,५) हुनुपर्छ र नेपाली लोकलयमा गाउन मिल्ने अर्थपूर्ण हुनुपर्छ। अनुप्रास नमिल्दा पनि गाउन मिल्ने हुनुपर्छ र जे जस्तो भावना लेख्दा फरक पर्दैन। केही सुसेलीका उदाहरणहरू

सुसेली १
सुन जुरेली
लोकभाका नेपाली
यो हो सुसेली।
सुसेली २
हुन्छ जलन
उम्केको माछा ठूलो
भन्ने चलन।
सुसेली ३
दाता कुनै छ ?
आमा भन्दा महान
अर्को हुँदैन।
सुसेली ४
लोक लयमा
गरौँ शब्दचयन
नत्र भएन
सुसेली ५
वनपाखाको
विदेशी हैन हाम्रो
लोकभाका हो।

यसका साथै यो सुसेली विधालाई जन्म दिनको लागि सहयो पुऱ्याउने साथीहरू निम्नानुसार सुसेली लयमा हुनुहुन्छ। उहाँहरूलाई सुसेली इतिहासले सधैँ सम्झने छ।

लकडाउनको समयमा अनलाइन सुसेली (हाइकु) महामेला २०७७ वैशाख १३ गतेको कार्यक्रम सफल बनाउने सहयोगी मित्रहरू:

सुसेली १
राम्रा छवि हुन्
सुसेली मेला भर्ने
यिनै कवि हुन्।
सुसेली २
**अनुराधा सुशीला १**
**अनुराधा द्वारिका**
**राधा प्रतिभा**
सुसेली ३
**दुर्गा सुचिता**
**दामोदर शिखर**
**चन्द्र सुशीला २**
सुसेली ४
**लक्ष्मी कमला**
**तोयानाथ पुष्कर**
**तेज कल्पना।**
सुसेली ५
**लिला विजयी**
हाइकुकी पारखी
**तिला लेकाली।**
सुसेली ६
कोही भजन
कसैले गाए गीत
गरे वाचन।
सुसेली ७
धन्यवाद छ
यो सुसेली विधाको
छुट्टै स्वाद छ
सुसेली ८
मेरो नमस्ते
फेरि नि भेटघाट
हुन्छ अवश्य।

**पुर्वाञ्चल हाइकु संघ की अध्यक्ष तिला लेकालीको लोकभाकाको सुसेली (हाइकुमा )धारणा**

हुन त साहित्यमा भूगोलको कुनै सिमा हुँदैन। संसार, विश्व ब्रह्माण नै यसको क्षेत्र हो। संसारका सबै भूगोल , देश , जाति , भाषाहरू यसका विषय क्षेत्र हुन्। तर पनि मानिसलाई हरेक कुराले बाँधेको हुँदोरहेछ। आफ्नै माटोले आकर्षण गर्दो रहेछ। जुन माटोमा जन्म्यो, हुर्क्यो , बढ्यो त्यो माटो निकै पृय लाग्दो रहेछ।

प्रसङ्ग हो लोक सुसेली हाइकुहरूको। हाइकु जापानबाट आयातित विधा हो। यसका आफ्नै मान्यता छन्। आफ्नै नियम छन्। यिनै नियम अनुसार हाइकु लेखन गर्नुपर्छ। यति हुँदाहुँदै पनि कुनै भौगोलिक क्षेत्रमा फलेको बोट बिरुवा अर्को क्षेत्रमा लगेर रोप्दा सोही हावापानी अनुसार हुर्कने, बढ्ने र फल्ने भएजस्तै जापानबाट नेपाल भित्रिएपछि यहींको हावापानी, माटो अनुसारको हाइकु लेख्न सकिन्छ, सक्नुपर्छ भन्ने मान्यता पनि उत्तिकै छ। नेपाली माटो अनुकुल लोकलयमा पनि हाइकु सृजना गर्न र गाउन सकिन्छ वा सकिन्न भन्ने कुराको प्रयोग स्वरुप केही सुसेली ( हाइकु) लेखन गरिएको छ। जुन यसप्रकार छन्।

सुसेलीहरू



सुसेली १
आकाश रुन्छ
हामीले बोलेको खै
कसले सुन्छ ?
सुसेली २
हरियो वन
तस्करको हातमा
रुन्छ यो मन
सुसेली ३
बादलु घेरो
पहाड बग्दा मन
आतिन्छ मेरो।


अब केही सुसेली लेखनमा सक्रिय सर्जकहरूका सुसेलीहरू

**सीता बिष्ट कार्की सीबिका**
**पाल्पा**



सुसेली १
फूल्यो रे फूल
टिपेर कोपिला नै
नगरौं भूल
सुसेली २
रामको नाम
जपी जपी हिँडौ है
गरेर काम
सुसेली ३
के हो कहानी ?
सुनेर बस्दाबस्दै
भयो बिहानी।

**चन्द्रा न्यौपाने**
**टोखा-८, काठमाडौँ**





सुसेली १
मेरो चाहना
सबैको भलो होओस्
भन्ने कामना।
सुसेली २
हाम्रो जपना
सुसेलीको चौतारी
गरौं थापना।
सुसेली ३
मायाँ गाँसेर
राम्रो काम गरेर
बाँचौं हाँसेर।

**प्रतिभादेवी न्यौपाने**
**लमजुङ**



सुसेली १
मानव बस्ती
कोरोनामय हुँदा
ठप्प छ काम।
सुसेली २
बान्धव नाता
विदेशीको बासले
प्रष्ट बनायो।
सुसेली ३
बसेर घर
पुग्छ र कसरी खै
पाल्नु छ पेट।

**अनुराधा शर्मा**
**काठमाडौँ**




सुसेली १
चुरा हरियो
रहर हो नारीको
मैना साउन।
सुसेली २
हिमानी आभा
सुनौलो बिहानीको
दिव्य छ ज्योती।
सुसेली ३
कालो बादल
मडारिएर आयो
लाग्यो बर्षात।

**सुशीला ढकाल अधिकारी**
**गोर्खा**




सुसेली १
हाम्रो देशमा
सुसेली आउँदैछ
नयाँ भेषमा।
सुसेली २
बर्खे झरीमा
गयो बाढी पहिरो
देशै भरिमा
सुसेली ३
यता आएर
छिमेकीले फसायो
माया लाएर।

**सुशीला पौडेल**
**अर्घाखाची**




सुसेली १
घाम पानीले
सतायो रिसाउने
तिम्रो बानीले।
सुसेली २
मन परायो
तिम्रो जिस्कने बानी
कता हरायो।
सुसेली ३
पानी परेको
असारको मैनामा
धान रोपेको।

**ओमकुमारी रानाभाट**
**पोखरा**



सुसेली १
आमा ढोग्दछु
सधैँभरि बाँच्दिनु
यही सोच्दछु।
सुसेली २
आगो बल्दछ
दनदनी दन्कँदै

बाँकी ५ पृष्ठमा

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : प्रविम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१–४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस